

नेवा सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२
यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ ।



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com






Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095



❖ वर्ष ३५ ❖ २०७८ मङ्सिर २९ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 December 15 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १०९


## खेतीपातीको समयमा मजदूर अभाव झेल्दै किसानहरू

नरेश यादव, पर्सागढी, २८ मङ्सिर/

धानखेती भित्र्याएका किसानहरू अहिले गहुँ, मकै, आलु, तोरी, मुसुरो खेतीमा व्यस्त छन्।

पर्सागढी नगरपालिका अन्तर्गतका खेतहरूमा अहिले किसानहरू मकै, गहुँ, मुसुरो, तोरी, आलु रोप्न तल्लीन छन्। धानखेतीपछि यही बालीहरू यो क्षेत्रमा अधिकांश किसानले लगाउँदै आएका छन्।

यसैबीच, किसानहरू अहिले मजदूर अभाव भोग्दैछन् । अन्य मजदूरीमा शारीरिक श्रम र समय दुवै कम लाग्ने तर मजदूरी बढी पाउने भएकोले खेतीबारीमा मजदूरहरू पाउन कम भएको हो। युवाशक्तिहरू वैदेशिक रोजगारमा गएका र नगरपालिकामा भएका अन्यहरू भने कलकारखाना, घर निर्माण लगायतका काममा बढी खट्ने गरेका छन्। त्यसमा खेतभन्दा बढी आम्दानी हुने गरेकोले उनीहरूको आकर्षण खेतीबारीमा कम भएको हो।



खेत जोत्दै एकजना किसान। तस्वीरः प्रतीक

मकैखेती गर्ने हृदयनारायणप्रसाद यादवले मजदूर अभावमा मकैखेती गर्नुपरेको बताए। उनले अन्य खेतीपाती गर्नेहरूसँग सहकार्य गरेर मकैखेती गरेको बताएका छन्।

खेत गोड्ने, लाइन बनाउने, बीउ रोप्नेजस्ता कार्य मकैखेती गर्दा गर्नुपर्ने हुन्छ र यसका लागि मजदूर आवश्यक हुने तर मजदूरको अभावमा काम ढिलो भइरहेको बताए।

सामान्यतया खेतीपातीमा खट्ने महिला मजदूरलाई रु २ सय र पुरुष मजदूरलाई रु ५ सय ज्याला दिने गरिन्छ। महिलाहरूले खुर्पा र पुरुषहरूले कोदालोबाट काम गर्ने हुँदा मजदूरीमा यो भिन्नता भएको अर्का किसान कृष्ण चौरसिया बताउँछन्। महिला मजदूरले गर्ने काममा शारीरिक श्रम कम लाग्ने तर पुरुषहरूले कोदालोको प्रयोग गर्दा शारीरिक श्रम बढी लाग्ने हुँदा श्रम अनुसारको ज्याला तोकिएको उनले प्रस्टयाए।

धानखेती भित्र्याउनासाथ टयाक्टरबाट खेत जोतिएको तर खेतमा कोदालो चलाएर गोडमेल गर्ने मजदूरहरू समयमा नपाउँदा मकैखेती गर्न ढिलो भएको उनले बताए।

## बकैया खोलाको डयामनजीकबाट ढुङ्गा चोरी

प्रस, निजगढ, २८ मङ्सिर/

निजगढ नपास्थित राजमार्गको बकैया खोलाको डयाम आसपासबाट टयाक्टरमा दिनदहाडै ढुङ्गा चोरी–तस्करी गरिरहे पनि नजीकैको सशस्त्र प्रहरी सुरक्षा बेस निजगढ भने बेखबर बनेको छ।

सशस्त्र प्रहरी सुरक्षा बेसदेखि करीब डेढ–दुई सय मिटर आसपासबाट नै यसरी अवैध कार्य भइरहँदा पनि सचेत स्थानीयले बारम्बार फोन सम्पर्क गरी जानकारी गराउनुपर्ने अवस्था सिर्जना भइरहेपछि यहाँ रहेको सशस्त्र प्रहरी सुरक्षा बेस हुनुको कुनै अर्थ नरहेको उनीहरू बताउँछन्।

गैरकानूनीरूपमा बकैया पुलको डयाम, तटबन्ध आसपासबाट नै ढुङ्गा चोरी–तस्करी हुनुले सशस्त्र प्रहरीबाट पाउनुपर्ने सुरक्षाको अनुभूतिसमेत स्थानीयले गर्न छाडेका छन्।

संवेदनशील क्षेत्र बकैया खोलाको पुल, डयाम आसपासबाट दिनदहाडै ढुङ्गा टयाक्टरमा चोरी–तस्करी भइरहँदा पनि नजीकैको सशस्त्र सुरक्षा बेस चुपचाप रहन्छ।

निजगढमा सशस्त्र प्रहरीले कहिलेकाहीं टयाक्टर नियन्त्रणमा लिए पनि उनीहरूको नाकैछेउको खोलामा दिनदहाडै ढुङ्गा चोरी–तस्करी हुनुले उनीहरूको नियमनमा प्रश्न उठ्ने गरेको छ। केही साताअघि मात्रै बकैया पुलको पाँच सय मिटरभित्रको संवेदनशील क्षेत्रमा दिनदहाडै ४/५ वटा टयाक्टरमा ढुङ्गा लोड गरिरहेको जानकारी दिंदा पनि सशस्त्र प्रहरीले अवैध ढुङ्गा लोड टयाक्टर फेला नपरेको जानकारी दिएको थियो। यसबारे सशस्त्र प्रहरी सुरक्षा बेस, निजगढमा प्रहरी नायब उपरीक्षक श्याम शर्माले नियन्त्रणमा लिइएका टयाक्टरहरूलाई कारबाईका लागि नगरपालिकामा पठाउने गरेको बताए।

निजगढ नगरपालिकामा चुरे क्षेत्र र चुरे संरक्षित क्षेत्रका खोलाबगरबाट दिनदहाडै नदीजन्य पदार्थ ढुङ्गा चोरी–तस्करी भइरहेको छ। मोहोरी बागदेवस्थित लालबकैया खोलाको चुरे


(बाँकी अन्तिम पातामा)




निजगढ नपा–४ मोहोरी बागदेवस्थित बकैया खोलाबाट ढुङ्गा चोरी गर्दै तस्करहरू। तस्वीरः प्रतीक

## पञ्चायती चुनावमा अधिकांश नयाँ जनप्रतिनिधि विजयी

राजेश केशरीवाल, रक्सौल, २८ मङ्सिर/

भारत, बिहार रक्सौल अन्तर्गत पर्ने पञ्चायती क्षेत्रमा सम्पन्न चुनावको नतीजा मङ्गलवार जारी भएको छ। मोतिहारी डायटमा सम्पन्न मतगणनामा भेलाही पञ्चायतबाट सुमन पटेल २८८३ मत प्राप्त गरी आफ्नो निकटतम प्रतिद्वन्द्वी रेखा देवीलाई १०५४ मतअन्तरले पराजित गरी विजयी भएका छन्।

यस्तै, पुरन्दरा पञ्चायतबाट श्रीराय नटले २८०२ मत, लौकरिया पञ्चायतबाट पूर्वमुखिया अशोककुमार सिंहले २२२३ मत, परसौना तपसीबाट फरहत आराले २१६९ मत, पलनवा जगधरबाट प्रभा देवीले ३०६९, लक्ष्मीपुर पञ्चायतबाट शैली देवीले २१४१ मत, सिसवा पञ्चायतबाट पुनः रामनारायण रामले ९१६ मत प्राप्त गरी विजयी भएका छन्।

रक्सौल जोकियारी पञ्चायतबाट राजु महतोले २५२७ मत, हरनाहीबाट जफीर अहमदले २४४६ मत, पन्टोका पञ्चायतबाट सुमन चौरसियाले २३९९ मत, धनगढवा कौडिहारबाट तबसुम आराले २८८६ मत, हरदियाबाट कबिर आलमले ४१६७ मत एवं नोनियाडिहबाट रुबी कुमारीले २८३२ प्राप्त गरी विजयी घोषित भएका छन्। यसैगरी, जिल्ला परिषद् क्षेत्र नं १ बाट मोहम्मद नवी हसनले १२४६७ मत र क्षेत्र नं २ बाट सुनीता देवीले ९१२२ मत ल्याइ विजयी भएका छन्।



जिल्ला परिषद् क्षेत्र नं. २ की विजयी उम्मेदवार सुनीता देवीलगायत। तस्वीरः प्रतीक

## विवादका कारण माओवादीको वडा अधिवेशनमा विलम्ब

प्रस, महोत्तरी, २८ मङ्सिर/

नेकपा माओवादी केन्द्र महोत्तरीको पालिका र वडा अधिवेशन विवादका कारण सम्पन्न हुन सकेको छैन। आकाङ्क्षीहरूबीच विवाद देखिएको छ। कतिपय स्थानमा टोल कमिटीहरू नै नबनेका कारण वडा अधिवेशन सम्पन्न हुन नसकेको माओवादी केन्द्रका जिल्लास्थित नेताहरूले बताएका छन्।

महोत्तरी जिल्लाका १५ वटा पालिकामध्ये सम्सी गाउँपालिका र सोनामा गाउँपालिकामा अधिवेशन नै भएको छैन भने बर्दिबास नगरपालिकामा अन्य पदाधिकारी चयन भएपनि संयोजक चयन हुन अझै बाँकी रहेको सो पार्टीले जनाएको छ।

बाँकी पालिकाका वडाहरूमा टोल भेला तथा सेल कमिटी नबनेका कारण अधिवेशन हुन नसकेको नेताहरूले दाबी गरे पनि विवाद सतहमा नै देखिएको छ। बर्दिबास नगरपालिकामा दुईजना नेताहरूको आआफ्ना उम्मेदवार बनाउनुपर्ने अडानकै कारण संयोजकबारे टुङ्गिन नसकेको हो। माओवादी केन्द्र, महोत्तरीका इन्चार्ज राजु खड्का र पूर्व शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री तथा पार्टीका स्थायी कमिटी सदस्य गिरिराजमणि पोखरेलका कारण संयोजक टुङ्गिन नसकेको नेताहरू बताउँछन्।

सम्सीमा पनि उस्तै विवाद छ। विवाद समाधान गर्न स्थानीयस्तरमा प्रभावशाली नेता रजी हैदरले सहजीकरण गर्ने प्रयास गरे पनि निष्कर्षमा पुग्न सकिएको छैन। "लोकतान्त्रिक प्रक्रियामा प्रतिस्पर्धा हुने भए तापनि हाम्रो पाटीले सबैजसो पालिकामा निर्विरोध पदाधिकारी चयन गरेको छ र बाँकी ठाउँमा पनि सर्वसम्मतबाट अधिवेशन सम्पन्न हुन्छ," इन्चार्ज राजु खड्काले भने। गाउँपालिकामा ५५ जना पदाधिकारी र नगरपालिकामा ६७ जना पदाधिकारी चयन गर्न पाउने माओवादी केन्द्रको विधानमा उल्लेख छ।


लिङ्ग पहिचान गरी भ्रूणहत्या गर्नु अपराध हो।
त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं।
छोरा र छोरी दुवैको जीवन सुरक्षित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## ट्राफिक सप्ताहः दोस्रो दिन पनि सचेतना

प्रस, वीरगंज, २८ मङ्सिर/

जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक कार्यालय, पर्साको संयुक्त आयोजना तथा ग्रीन सिटी सामुदायिक सेवा केन्द्र, आदर्शनगरको सहकार्यमा हिजो सोमवारदेखि शुरू भएको एक हप्ते ट्राफिक सचेतना अभियान अन्तर्गत मङ्गलवार दोस्रो दिन वीरगंज महानगरका केही स्थानमा सचेतना अभियान भएको छ। वीरगंज महानगर अन्तर्गत सुक्खा बन्दरगाह, परवानीपुर र विभिन्न स्थानमा रहेका ट्राफिक चेकपोस्टमा चालक, सहचालक र पैदल यात्रीहरूलाई ट्राफिक नियम कानूनबारे सचेत गराइएको थियो। दुर्घटना न्यूनीकरणका लागि सचेतना अभियान प्रभावकारी देखिएपछि साताव्यापी कार्यक्रमको आयोजना गरिएको हो।

जिल्ला ट्राफिक प्रहरी कार्यालयले सवारीसाधनबाट ट्राफिक सचेतनासम्बन्धी जानकारी गराउँदै छ भने एफएम रेडियोबाट पनि यसबारे कार्यक्रमहरू भइरहेका छन्। यसैगरी, ट्राफिक प्रहरी र ग्रीन सिटीलगायतका संस्थाहरूको सहयोगमा सचेतनामूलक पम्पलेट चालक, सहचालक, पैदल यात्रीहरूका साथै विद्यार्थीहरूलाई समेत उपलब्ध गराइएको थियो।

ग्रीन सिटी सामुदायिक सेवा केन्द्र, आदर्शनगरका अध्यक्ष प्रकाश खेतानले दोस्रो दिन सुक्खा बन्दरगाह, परवानीपुर र ट्राफिक चेकपोस्टहरूमा यसबारे सचेतना गराइएको बताए।



चालक, विद्यार्थी र पैदलयात्रीलाई ट्राफिक सचेतना गराउँदै ट्राफिक प्रहरी। तस्वीरः प्रतीक

## विचारसार र सूक्तिहरू

**आफ्नो तुलना अरूसँग नगरौं, किनकि सबै मानिसको स्वभाव र गुण अलग–अलग हुन्छ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## कहिले हराउँछ, दुःखका दिन ?

**आजको मानिस प्रशस्त सुख–सुविधा सम्पन्न छ। देशको नायकत्व लिएका राजनीतिकर्मीहरू कोही पनि, अपवादबाहेक, विपन्न–दीनहीन छैन। तर मानसिक दरिद्रता यसै वर्गमा सबैभन्दा धेरै छ। तीन वर्ष अघिको कुरा हो, बद्रीधाममा एकजना मानिसले अनौठो खाले डोको बोकेको देखेर म जिज्ञासा शान्त पार्न ऊछेउ पुगेको थिएँ। उनी सुदूर पश्चिमको कुनै जिल्लाको निवासी थिए र यस विशेष डोकोमा अशक्त तीर्थालु बोकेर उकालो–ओरालो हिंडेर भगवत्‌दर्शन गराउँथे। मानिसले मानिसलाई पिठ्चूँमा बोकेर पहाडको उकालोओरालो सैर गराउने कुराले मन अमिलो भएर धेरै कुरा सोध्ने आँट आएन। सुदूर पश्चिमका धेरै दीनहीन नेपाली यस काममा लागेका छन्। उनीहरू पुस्तौंदेखि यो काम गर्दै आएका छन्। आजको मानिस यति संवेदनशील भएको छ कि घरपालुवा त के, जङ्गली जनावरको पनि अस्तित्व नाश हुन लागेकोमा चिन्तित छ, उनीहरूलाई बचाउने जोहोमा थुप्रैथुप्रै धन खर्च गरिरहेको छ। जाबो गलीको भुस्याहा कुकुरलाई कुटपिट गर्दा पशु सरोकार समूह कसैमाथि पनि जाइलाग्न तत्पर रहन्छ। तर भोका–नाङ्गा नेपालीहरू पिठ्चूँमा मानिस बोकेर विकट पहाडी बाटोमा हिंड्न बाध्य छन्।**

**त्यति मात्र भइदिएको भए, कर्मको फल मानेर सन्तोष गर्नुहुन्थ्यो। त्यस्तो अमानवीय काम गर्न विवश हुनेहरू कुन बेला कहाँ बेपत्ता हुन्छन्, कसैलाई पत्तो नै हुँदैन। भर्खरै समाचार आएको छ, यसरी भारतमा गएर पशुवत् काम गर्नेहरूमध्ये १६५ जना बेपत्ता छन्। उनीहरू राज्यको ऋण लिएर बेपत्ता भएका पक्कै होइन। कसैलाई मारेर भागेका पनि होइनन्। राज्यले कोही भोकले नमरोस् भन्ने मौलिक हकको बेवास्ता गरेकोले, दुष्कर श्रम गर्न बाध्य पारिएका हुन्। तिनका नाममा लामो क्रान्ति गरेर सत्तामा पुग्नेहरू विदेशी बैंकमा अटेसमटेस धन थुपारेर राजसुख भोगिरहेका छन्। भारतमा ती मात्र जान्छन् जो निरक्षर छन्, सर्वथा विपन्न छन्। जोसँग थोरबहुत साक्षरता छ, ऋण लिन सक्ने सामर्थ्य छ, ती तेस्रो मुलुक पुग्छन्। उनीहरूको काम ठ्याक्कै पशुवत् नभए पनि, श्रमसाध्य र जोखिमपूर्ण छ। त्यसैले वैदेशिक रोजगारमा गएकामध्ये प्रतिदिन एकजनाको मृत शरीर यहाँ आइपुग्छ। तर आफूलाई जनताको हक हितका लागि लड्ने भन्नेहरूलाई देशको यति मात्र पनि तथ्याङ्क थाहा छ भनी दाबी गर्न सकिन्न।**

**देश गणतन्त्रात्मक व्यवस्थामा गएको पाँच वर्ष पूरा भएको छ। देशले सर्वोत्कृष्ट संविधान पाएको छ वर्ष भइसकेको छ। तर नेपाली जनताको जीवनयापन वर्षौंदेखि यसैगरी कष्टकर रहिआएको छ। देशवासीको जीवनस्तर एकैखाले छैन। केही दरिद्रीको यस्तो चरम अवस्थामा छन् भने केहीसँग असरल्ल सम्पत्ति छ। त्यो सम्पत्ति उनीहरूले उत्तराधिकारमा पाएका होइनन्। उनीहरूले कमाएको सम्पत्ति हो। अर्थात् देशमा कमाइ हुने परिस्थिति छ। तर चरम, विभेदपूर्ण आर्थिक असमानता छ। यसो हुनुमा भ्रष्टाचार नै प्रमुख हो। भ्रष्टाचारले गर्दा नै राज्यको धन एक ठाउँमा थुप्रिंदै गएको छ। त्यसको न्यायिक वितरण हुन सकेको छैन। राज्यले कोषको समानतापूर्वक वितरण नगर्दा नै आर्थिक असमानता फैलन्छ। कसैलाई खाँदाखाँदा अजीर्ण हुन्छ, कसैको पेट पिठ्चूँमा टाँसिन्छ। अमानवीयताको यस्तो खेलले देशलाई, देशको सत्तालाई, देशको संविधानलाई गिज्याइरहेको छ, तर सरोकार पक्ष भने गरीबको दुःखमाथि पानीमा तेलझैं रमण गरिरहेको छ; ऐय्या–आत्थु केहीले छुँदैन।**

# बहुदलीय संसदीय व्यवस्था नेपाल र नेपालीका लागि अभिशाप

स्वतन्त्र विचार



सुदर्शनराज पाण्डे

**व्यवस्थाविरुद्ध राजनीतिका खराब पात्र र प्रवृत्तिविरुद्ध सामाजिक सञ्जालहरूमा जेजस्तो आक्रोशपूर्ण अभिव्यक्तिहरू आइरहेका छन्, यसले दलाल पूँजीवादी व्यवस्था कमजोर, असफल हुँदै ढल्ने अवस्थामा पुगेको निर्क्योल गरेको छ।**

२०६३ को जनान्दोलनपछि बनेको नेपालको संविधानमा व्यवस्था भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल यतिखेर नेपाली जनताका लागि अनुत्पादक–प्रत्युत्पादक साबित भएको छ। बहुदलीय संसदीय व्यवस्था फेरि पनि नेपाल र नेपालीका लागि अफापसिद्ध हुन गएको छ। देशमा चलिरहेको वर्तमान शासन पद्धतिबाट नेपाली जनता वाक्क दिक्क भएको छ। यथास्थितिको शासन संरचनाले देशलाई बर्बादीको दिशातिर धकेलिरहेको यत्र–तत्र–सर्वत्र सबैले महसूस गरिरहेका छन्। राजनीति अवगुण र कुसंस्कारले भरिपूर्ण भएको दलाल पूँजीवादी व्यवस्थाको चरित्र रहेको दिन परदिन भ्रष्ट राज्य बनाउँदै गएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको विकल्पमा नयाँ राजनीति व्यवस्था स्थापना गर्नुपर्ने बाध्यता आएको छ। नयाँ राजनीतिक व्यवस्था जनताको स्वतन्त्रता र अधिकार तथा राष्ट्रको सुरक्षाका लागि अनिवार्य आवश्यकता भइसकेको छ। यसका लागि देशको भविष्यबारे चिन्तित, देशको बेथितिबाट असन्तुष्ट रहेका सबै व्यक्ति र शक्तिहरूले तत्काल 'हामीले नगरे कसले गर्ने, अहिले नगरे कहिले गर्ने' भन्ने अठोटका साथ वर्तमान शासन सत्ताविरुद्ध एकीकृत जनक्रान्तिमा जुट्न विलम्ब गर्नुहुँदैन।

दलाल, पूँजीवादी संसदीय व्यवस्थामा हावी रहेका खराब पात्र र प्रवृत्तिलाई निर्मूल गर्न देशभक्त नेपालीहरूले कुनै कसर बाँकी राख्न हुँदैन। राष्ट्र निर्माण गर्ने र राजनीतिको निर्णय गर्ने शक्ति भनेको सार्वभौम नेपाली जनताको एकता हो। वर्तमान राजनीतिक व्यवस्थामा देखिएको विकृति, विसङ्गतिलाई नबुझे–नजानेझैं गरी बस्नु भनेको देशको अवस्था र व्यवस्थाप्रति उदासीन रहनु हो। आफ्नो अधिकार, कर्तव्य र जिम्मेवारी नबुझ्नु हो। दलाल पूँजीवादी व्यवस्थाले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई निल्ने परिस्थिति सिर्जना भएको छ। नेपालमाथि बढ्दो विदेशी हस्तक्षेप, बढ्दो विदेशी ऋण, उर्लंदो नीतिगत, संस्थागत, व्यक्तिगत, आर्थिक भ्रष्टाचार, राष्ट्रिय बजेटको दुरूपयोग र अनियमितता, विकास, निर्माणको काममा अति ढिलासुस्ती, बढ्दो महँगी र बेरोजगारी, बहुसङ्ख्यक जनताको आर्थिक स्थिति जर्जर बन्दै जानु, दैनिक जीवनका लागि ऋणमा डुब्नु, अड्डा–अदालत, सरकारी कार्यालयमा घूसखोरी बढ्नु, तस्करी बढ्नु, आर्थिकलगायत नानाथरीका अपराध दिन दुनी रात चौगुनीका दरले बढ्नु सबै राजनीति व्यवस्थाका असफलता हुन्। देश र जनतालाई यो दुर्दशापूर्ण विवशतामा पुऱ्याउनमा प्रमुख दोषी संसदीय व्यवस्था र यस व्यवस्थामा रमाइरहेका मुठ्ठीभर व्यक्तिहरू हुन्।

शोषित, उत्पीडित, तराई–मधेस, पहाड र हिमालका सबै नेपाली जनता वर्तमान व्यवस्था परिवर्तन गर्न जुट्दै गइरहेका छन्। व्यवस्थाविरुद्ध राजनीतिका खराब पात्र र प्रवृत्तिविरुद्ध सामाजिक सञ्जालहरूमा जेजस्तो आक्रोशपूर्ण अभिव्यक्तिहरू आइरहेका छन्, यसले दलाल पूँजीवादी व्यवस्था कमजोर, असफल हुँदै ढल्ने अवस्थामा पुगेको निर्क्योल गरेको छ।

कुशासन र कुव्यवस्थाको दास भएर बाँच्ने कि नयाँ राजनीतिक व्यवस्थाका लागि डटेर सडक सङ्घर्षमा उत्रने भन्ने कुरा प्रत्येक नेपालीको मनमा हुनुपऱ्यो। अमेरिकी साम्राज्यवाद–उपनिवेशवादको साङ्लो एमसिसी सम्झौता स्विकारेर देशलाई द्वन्द्वभूमिमा परिणत गरेर मर्ने कि देशलाई बचाउन एमसिसीविरुद्ध सडक सङ्घर्षमा वीरतापूर्वक उत्रने भन्ने कुराको निर्णय प्रत्येक देशभक्त नेपालीले गर्नुपर्दछ। म मरे पनि मेरो देश बाँचिरहोस् भनेर कामना गर्ने बेला हो अहिले। भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवाद मिलेर यतिखेर नेपाल र नेपालीलाई दुःखमाथि दुःख र सास्ती दिन खोज्दैछन्। भ्रष्ट शासक, प्रशासकहरू मौन स्वीकृतिमा छन्। स्वाभिमानी भएर स्वतन्त्रतापूर्वक नेपालमा बाँच्नका लागि कुशासनमा नाचिरहेका राष्ट्रघाती, पापी, अपराधी, शासक, प्रशासक, भ्रष्ट नेताहरूविरुद्ध जन–हस्तक्षेप र जन–निषेध समयको माग हो। संसद्वादीहरूको मूलमन्त्र गुट, फुट र लुट हो। उनीहरू महाकालको मुखमा परिसकेका छन्। क्रान्तिकारी देशभक्त नेपालीहरूले गतिलो ढङ्गले राजनीतिक प्रहार गरे भने उनीहरूले निश्चितरूपमा हार स्विकार्ने छन्। भय, भ्रम र दमनको शासन विस्फोट भई भस्म हुन्छ नै। समय नआई केही कुरा समाप्त वा परिवर्तन हुँदैन तर परिवर्तनका लागि समय अनुकूल बन्दै गएको छ। विनाशकाले विपरीत बुद्धिले संसदवादी, बहुदलवादी दलाल पूँजीवादका हिमायतीहरूलाई घेरिसकेको छ। बढ्दो जन–असन्तुष्टि र जन–आक्रोश वर्तमान व्यवस्था परिवर्तनको माध्यम र आक्रोश हो। जनमतलाई कसैले थिच्न सक्दैन। सत्ताले सय दिनसम्म दिएको दुःख पीडित जनताले एक क्षणमा स्वाहा पारिदिन्छ।

# वैदेशिक रोजगारको सम्पूर्ण लागत रोजगारदाताले बेहोर्ने व्यवस्था कार्यान्वयन गर्न सुझाव

काठमाडौं, २८ मङ्सिर/

नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट)ले वैदेशिक रोजगारका क्रममा लाग्ने सम्पूर्ण लागत रोजगारदाताले नै बेहोर्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागू गर्न सरकारलाई सुझाव दिएको छ।

'माइग्रेन्ट रिक्रुटमेन्ट एडभाइजर' प्रयोगकर्ता श्रमिकद्वारा आफूले सेवा लिएका म्यानपावर कम्पनीको सेवा मूल्याङ्कनका सम्बन्धमा गरिएको अध्ययन प्रतिवेदन मङ्गलवार सार्वजनिक गर्दै जिफन्टले रोजगारदाताले नै भर्ना शुल्क र खर्च बेहोर्ने व्यवस्थाको कडाइका साथ कार्यान्वयन गरी न्यायोचित भर्ना प्रक्रिया अगाडि बढाउन सुझाव दिएको हो। अध्ययनमा सहभागी एक हजार ५९३ जनामध्ये ९८ प्रतिशत बढी व्यक्तिले आफूले चर्को भर्ना शुल्क तिरेको बताएका थिए। उनीहरूले औसत रु एक लाख भर्ना शुल्क तिर्नुपरेको अध्ययनले जनाएको छ। अध्ययनमा संलग्न दुई प्रतिशतभन्दा कम व्यक्तिले आफूले कुनै पनि शुल्क तथा खर्च बेहोर्नुनपरेको बताएका थिए।

सरकारले पछिल्ला केही वर्षयता वैदेशिक रोजगारका क्रममा श्रमिकको भर्नाबापतको सम्पूर्ण लागत रोजगारदाताले बेहोर्नुपर्ने व्यवस्था गरेको छ। श्रमिक भर्नाको सम्पूर्ण लागत रोजगारदाताले नै बेहोर्नुपर्ने विषयलाई गन्तव्य मुलुकसँगको श्रम समझदारीमा समेटिएको छ। जोर्डन, मलेशिया, संयुक्त अरब इमिरेट्स (युएई), मरिससलगायत मुलुकसँगको द्विपक्षीय श्रम सम्झौतामा सम्पूर्ण खर्च रोजगारदाताले बेहोर्ने विषय उल्लेख गरिएको छ। श्रम सम्झौतामा भर्ना प्रक्रिया निश्शुल्क बनाइने उल्लेख भएपनि वैदेशिक रोजगारमा जाने श्रमिकले चर्को शुल्क तिर्दै आएका छन्।

श्रमिकले भर्ना शुल्क तिर्नुपर्ने अवस्थाको अन्त्यका लागि अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउन पनि जिफन्टले सुझाव दिएको छ। श्रमिकले कुनै शुल्क तिर्नुपरेमा त्यसको अनिवार्य रसिद पाउने विषयलाई सुनिश्चित गर्नुपर्नेमा जोड दिंदै जिफन्टले सरोकारवाला निकायको प्रभावकारिता वृद्धि गर्न सुझाव दिएको छ।

**घटेन एजेन्टको सक्रियता**

सरकारले वैदेशिक रोजगार ऐन, २०६४ लाई संशोधन गर्दै म्यानपावर एजेन्ट खारेज गरेको छ। ऐनले एजेन्ट खारेज गरे पनि अझै एजेन्टको सक्रियता नघटेको अध्ययनमा पाइएको छ। वैदेशिक रोजगारमा जान चाहनेमध्ये ४० प्रतिशत व्यक्ति एजेन्टमा नै निर्भर रहेका छन्। बत्तीस प्रतिशत व्यक्ति भने प्रत्यक्षरूपमा सम्बन्धित म्यानपावर कम्पनी पुगेका छन्।

अध्ययनमा संलग्न अधिकांशले आफूले रोजगार करार सम्झौता प्राप्त गरेको र त्यसमध्ये ९५ प्रतिशत सहभागीले आफूले सम्झौतामा लेखिएको भाषा बुझेको बताएका छन्। कतिपयले आफूले सम्झौतामा उल्लिखित भाषा पढ्न नसकेको तर म्यानपावर कम्पनीका प्रतिनिधिले पढेर सुनाएको बताएका थिए। प्रतिवेदनमा हरेक श्रमिकले नेपाली भाषामा लेखिएको रोजगार करार सम्झौता रोजगारमा जानुअगाडि पर्याप्त समय बाँकी रहँदै प्राप्त गर्नुपर्ने औंल्याइएको छ।

अध्ययनमा सहभागीमध्ये ९६ प्रतिशतले रोजगारका क्रममा आफ्नो व्यक्तिगत कागजात (राहदानीलगायत) आफूले राख्न नपाएको बताएका थिए। चार प्रतिशतले गन्तव्य मुलुकमा रहँदा ट्रेड युनियनमा आबद्ध हुने अधिकार पाएको बताएका थिए। जिफन्टले श्रमिकको अधिकार स्थापित गर्न र मर्यादित काम, सम्मान एवं उचित पारिश्रमिक कार्यान्वयनलगायतका विषयमा पैरवी गर्दै आएको छ। वैदेशिक रोजगारको योजनामा रहेका व्यक्तिलाई उपयुक्त सेवा प्रदान गर्ने वैदेशिक रोजगार कम्पनी खोज्न सहयोग गर्ने उद्देश्यले जिफन्टले अन्तर्राष्ट्रिय ट्रेड युनियन महासङ्घ (आइटियुसी)सँगको साझेदारीमा रिक्रुटमेन्ट एडभाइजरमा सहकार्य गर्दै आएको छ।

# सङ्घीय संसद्ले सुशासनको सन्देश दिन सक्नुपर्छ : सभामुख सापकोटा

काठमाडौं, २८ मङ्सिर/रासस

सभामुख अग्निप्रसाद सापकोटाले सङ्घीय संसद् र संसद् सचिवालयले सुशासनको शक्तिशाली सन्देश प्रवाह गर्न आवश्यक रहेको बताएका छन्। पन्ध्रौं सङ्घीय संसद् सेवा दिवसका अवसरमा मङ्गलवार आयोजित कार्यक्रममा उनले इतिहासले दिएको जिम्मेवारीलाई विवेकपूर्ण ढङ्गबाट पूरा गर्दै सुशासनको सन्देश प्रवाह गर्न राष्ट्रसेवकलाई निर्देशन दिए।

सभामुख सापकोटाले भने, "चारैतिर निराशा रहेका बेला हामीले देश र जनताको सेवामा इमानदार, निष्ठा र अनुशासनमा रही सुशासनको शक्तिशाली सन्देश दिन सक्नुपर्छ। हामी सबै त्यसतर्फ लागौं।" जीवन्त र जनमुखी मात्र होइन, जनताको ढुकढुकी र लोकधारका रूपमा रहेको संसद् सेवाका कर्मचारीलाई लोकतन्त्रको मूल्य मान्यताअनुरूप क्रियाशील हुन सुझाव दिंदै उनले भने, "म आफू पनि राष्ट्र र इतिहासले दिएको जिम्मेवारीलाई निष्ठा र इमानदारीका साथ पूरा गर्नेछु।"

राष्ट्रियसभा उपाध्यक्ष शशीकला दाहालले संसद् सेवामा रहेका कर्मचारीलाई कार्यसम्पादन चुस्त र प्रभावकारी तुल्याउन सुझाव दिइन्। संसद् सचिवालयका महासचिव डा भरतराज गौतमले कर्मचारीका सेवा सुविधा र हित संरक्षण गर्दै लक्ष्यप्राप्तिमा आवश्यक ध्यान दिइने प्रतिबद्धता जनाए।

सचिवालयका सचिव ध्रुवप्रसाद शर्माले सरकारको कामकारबाई निगरानी गर्ने संसद् सेवालाई मर्यादित, गरिमामय र आकर्षक तुल्याउने प्रयास भइरहेको बताए। संसद् कर्मचारी युनियनका अध्यक्ष नवराज नगरकोटीले संसद् सेवाको ओज र सेवा सुविधा बढाउन नेतृत्वबाट पहल आवश्यक रहेको औंल्याए।

संसद् सेवामा आकर्षण बढाउन नसकेका कारण लोकसेवा उत्तीर्ण भएर आउने जनशक्तिलाई टिकाइराख्न पछिल्लो समय चुनौती रहेको सो अवसरमा जानकारी दिइयो। संसद् सेवामा वर्षभरिको कार्यसम्पादनमा अब्बल ठहरिएका उपसचिव रामकुमार पौडेललाई रु एक लाख राशिको सर्वोत्कृष्ट सङ्घीय संसद् सेवा र शाखा अधिकृत दीपाकुमारी दुलाललाई रु ७५ हजार राशिको उत्कृष्ट सङ्घीय संसद् सेवा पुरस्कार प्रदान गर्ने घोषणा गरियो।

वरिष्ठ प्रेस प्राविधिक राजेन्द्रप्रसाद लामिछाने र कार्यालय सहयोगी सिजन खनाललाई जनही रु ५०/५० हजार राशिको यस वर्षको सङ्घीय संसद् सेवा पुरस्कार प्रदान गरियो। यस वर्षको संसद् सेवा दिवसको मूल नारा 'लगनशीलता र कर्तव्य निष्ठा : संसद् सेवाको प्रतिष्ठा' तय भएको थियो।

संसद्लाई स्वतन्त्र तवरले विशेषज्ञ प्रकृतिको सेवाका रूपमा स्थापित गर्न विसं २०५८ मङ्सिर २८ गते स्वायत्त संसद् सेवा गठन गर्न ऐन जारी भएको दिनको सम्झनामा सङ्घीय संसद् सेवा दिवस मनाइँदै आएको छ।

**सच्याइएको**

२०७८ मङ्सिर २८ गते मङ्गलवारको प्रतीक दैनिकको २ नं पृष्ठमा विनोद गुप्ताको लेख 'चर्चा महाधिवेशनको'मा सम्भवतः २०७८ को जनगणनामा ६५ वर्षमाथि उमेर समूह करीब ७.५ प्रतिशत हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ। – सं.

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# नेपालमा भित्रियो 'बाइ प्लेन क्याथल्याब' : 'न्यूरो इन्टरभेन्शन' सेवा शुरू

काठमाडौं, २८ मङ्सिर/रासस

तपाईंलाई मस्तिष्काघात अथवा पक्षघात भयो ? नआत्तिनुहोस् तर जतिसक्दो छिटो विशेषज्ञ उपचार सेवा र प्रविधिका पहुँचमा पुग्ने प्रयास गर्नुहोला। यसो भएमा पूर्ववत् अवस्थामा फर्किने सम्भावना। साथै 'प्यारालाइसिस' हुनबाट जोगिन पनि सकिन्छ।

यसका लागि नेपालमा पहिलोपटक 'बाइ प्लेन क्याथल्याब'मार्फत 'न्यूरो इन्टरभेन्शन' सेवाको सुरुआत भइसकेको छ। अत्याधुनिक तथा विश्वस्तरीय सो उपकरणलाई बाँसबारीस्थित उपेन्द्र देवकोटा मेमोरियल न्यूरो हस्पिटलले विगत एक वर्षदेखि सञ्चालनमा ल्याएको हो। सोही अस्पतालमा विगत एक वर्षदेखि न्यूरो इन्टरभेन्शन सेवा प्रदान गर्दै आइरहेका इन्टरभेन्शनल न्यूरो रेडियोलोजिस्ट डा सुवास फुयाँलका अनुसार इन्डोभास्कुलर वा न्यूरो इन्टरभेन्शन भनेको विनाशल्यक्रिया क्याथेटरको माध्यमबाट बन्द भएको मस्तिष्कको नसा खोल्ने वा फुटेको मस्तिष्कको नसालाई मरम्मत गर्ने पद्धति हो। यस प्रविधिमा हात वा खुट्टाको नसाबाट क्याथेटर पठाएर मस्तिष्कको नसाभित्र जमेको रगत थेग्लो निकालिन्छ। टाउको नखोलीकन नै मस्तिष्कभित्रको गहिराइमा रहेको रक्तनलीभित्र शल्यक्रिया गरिन्छ र बिरामीलाई सन्चो बनाइन्छ।

उनी अल इन्डिया इन्स्टिच्यूट अफ मेडिकल साइन्सेज, नयाँ दिल्लीबाट न्यूरो इन्टरभेन्शनमा डिएम उपाधि हासिल गर्ने पहिलो नेपाली चिकित्सक हुन्। उनले भने, "यस पद्धतिमा शल्यक्रियाका लागि टाउको नखोलिने भएकाले बिरामीलाई छिट्टै घर पठाउन सकिन्छ। उपचारमा जोखिमसमेत धेरै कम हुन्छ। मस्तिष्कको समस्या जस्तै मस्तिष्कघात, एन्युरिज्म (रक्तनलीको फोको), घाँटीको नसा सुक्ने, मेरुदण्डको नसासम्बन्धी समस्यामा न्यूरो इन्टरभेन्शन पद्धतिबाट उपचार गर्न सकिन्छ।"

चिकित्सकका अनुसार उच्च रक्तचापका कारण मस्तिष्कको नसा कमजोर भई 'ब्रेन हेमोरेज' पनि हुन सक्छ। यसो हुँदा विगतमा टाउको खोलेर फुटेको नसा सिलाइन्थ्यो। यसरी टाउको खोलेर शल्यक्रिया गर्दा जटिलताका साथसाथै अस्पतालको बसाइ पनि लम्बिन्थ्यो। तर अहिले एन्युरिज्मका कारण हुने ब्रेन हेमोरेज भएका व्यक्तिलाई तारको माध्यमबाट खुट्टाको नसा हुँदै च्यातिएको नसा भित्रभित्रै सिलाइन्छ। यसलाई क्वाइलिङ भनिन्छ। यस्ता बिरामीहरूलाई साधारणतया ५-७ दिनभित्र घर पठाउन सकिन्छ। डा फुयाँलले भने, "तार (क्याथेटर)को माध्यमबाट शल्यक्रिया गर्दा इन्फेक्शन हुने, लामो समयसम्म सघन उपचार कक्ष (आइसियू)मा बस्नुपर्ने लगायतका समस्याबाट पनि छुटकारा पाउन सकिन्छ।"

अस्पतालका कार्यकारी अध्यक्ष प्राडा


तस्वीर: रासस

मधुदीक्षित देवकोटाका अनुसार एक वर्षका अवधिमा लगभग ५०० बिरामीले 'बाइ प्लेन क्याथल्याब'मार्फत 'न्यूरो इन्टरभेन्शन' सेवा लिइसकेका छन्। क्याथल्याबमार्फत मस्तिष्कभित्रको रक्तनलीसम्बन्धी रोग जस्तै नसा बन्द हुनु, रगतको नसाको फुकुण्डो फुट्नु र रगतको गुच्छा, घाँटीको नसा (क्यारोटिड) सुक्नु आदिको सफल उपचार भएको छ। यी सेवा प्रदान गर्न प्राविधिकरूपमा अत्यन्त चुनौतीपूर्ण मानिन्छ। उनले भनिन्, "जीवनशैली, तथा खानपानमा आएको परिवर्तन, हिंड्डुल र शारीरिक व्यायामको कमी, मद्यपान र धूमपानको बानीले गर्दा रगतमा बोसोको मात्रा बढी हुँदा यसले रक्तनलीको रोग निम्त्याउँछ। यसले गर्दा उच्च रक्तचाप, मस्तिष्कघात र मुटुको समस्यामा वृद्धि भएको छ।"

डा फुयाँलले भने, "न्यूरो इन्टरभेन्शन पद्धतिमा औषधिको प्रयोगबाट थ्रम्बोलाइसिस गरी रगतको थेग्लो पगाल्ने गरिन्छ। यसका लागि मस्तिष्कघात भएको साढे चार घण्टाभित्र बिरामीलाई अस्पताल पुर्‍याउन आवश्यक छ। तर अहिले क्याथल्याब आइसकेपछि थ्रम्बेक्टोमी पद्धतिबाट २४ घण्टासम्म पनि यस्ता बिरामीलाई अस्पताल पुर्‍याउन सकेमा बन्द भएको ठूलो रगतको नसाबाट थेग्लो निकालेर बिरामीलाई पूर्ववत् अवस्थामा ल्याउन सम्भव भएको छ।"

**अपत्यारिलो चमत्कार**

हालै सो अस्पतालमा न्यूरो इन्टरभेन्शन सेवामार्फत मस्तिष्कघात भएर निको भएका ३७ वर्षीय अर्जुन बस्नेतले भने, "म हिंडिरहेको थिएँ, एक्कासि असजिलो महसूस भई सडकमैं ढलेछु। ढलेको देख्ने र पत्नीले न्यूरो अस्पताल पुर्‍याएछन्। मलाई केही थाहा थिएन। तुरुन्त अस्पतालमा मेरो उपचार शुरू भएछ। राति थ्रम्बेक्टोमी गरेर नसाको माध्यमबाट मस्तिष्कमा जमेको रगतको थेग्ला (ब्लड क्लट) निकालिएछ। फलस्वरूप राति १२ बजेतिर मेरो बोली फिर्ता आयो। यो बेलासम्म मैले आफूलाई सामान्य अनुभव गर्न थालिसकेको थिएँ। मलाई मस्तिष्कघात भएको र यति चाँडै निको भएको कुरा अस्पतालमा भेट्न आउने आफन्तले समेत पत्याएनन्।" बुझ्दा, उनकी आमा पनि मस्तिष्कघात भई 'प्यारालाइसिस'बाट जीवन गुजारिरहेकी रहेछन्। उनले भने, "मेरो पनि आमा जस्तै प्यारालाइज्ड भएर जीवनभर बाँच्नुपर्ने अवस्था हुन सक्थ्यो। नयाँ प्रविधिकै कारण समयमा नै सही उपचार पाएँ र १० दिनभित्र काममा फर्किएर कमाउने सक्ने भएको छु। यस प्रकारको उपचार नपाएको भए शायद जीवनभर खर्चै खर्चमा जिउनुपर्थ्यो र परिवारको पनि बिचल्ली हुने थियो होला। मेरो उपचार त अपत्यारिलो चमत्कार नै भयो।"

**के हो मस्तिष्कघात ?**

मस्तिष्क शरीरको सबैभन्दा महत्त्वपूर्ण अङ्ग हो। यसमा अरबौं कोशिका हुन्छन्, जिनलाई निरन्तर पोषण र अक्सिजन आवश्यक पर्दछ। यो रक्तनलीको माध्यमबाट मस्तिष्कमा पुग्छ। डा फुयाँल भन्छन्, "मस्तिष्कको रक्तनलीमा अवरोध भए वा त्यो फुट्न गएमा मस्तिष्कमा रगत आपूर्ति कम भई स्नायु कोशिकाहरूमा तत्काल क्षति पुग्छ। यसरी उत्पन्न हुने समस्यालाई मस्तिष्कघात भनिन्छ। यसले स्नायु र स्नायु तन्तुहरूमा स्थायी क्षति पुर्‍याइ अकालमा ज्यानसमेत जान सक्छ र बाँचे पनि जीवनभर विकलाङ्ग भई परनिर्भर हुनुपर्ने बाध्यता आउन सक्छ।" चिकित्सकहरूका अनुसार मस्तिष्कमा मस्तिष्कघात भई रक्तनली बन्द भएर उपचार नपाएको खण्डमा प्रतिमिनेट करीब २० लाख मस्तिष्कका कोशिका मर्दछन्।

विश्व स्वास्थ्य सङ्गठनले मस्तिष्कघातलाई आपत्कालीन स्वास्थ्य अवस्थाको रूपमा वर्गीकरण गरेको छ। पछिल्लो समय नेपालमा मृत्युको तेस्रो कारण मस्तिष्कघात रहेको जनाइएको छ। सरकारसँग मस्तिष्कघातबाट बर्सेनि कतिजनाले अकालमा मृत्युवरण गर्दछन् भन्ने तथ्याङ्क भने छैन।

**मस्तिष्कघातका लक्षण**

चिकित्सकका अनुसार मस्तिष्कघात हुँदा उभिंदा शरीरको सन्तुलन नमिल्ने, आँखाले नदेख्ने वा आँखा धमिलो हुने, एक्कासि मुख एकातिर बाङ्गिने, हातखुट्टा कमजोर हुने, बोली नआउने वा बोली लरबराउने र शरीरको एक भाग (हर) कमजोर हुन सक्छ। ती लक्षण पहिचान गर्न चिकित्सकले छोटकरीमा 'बि-फास्ट' अर्थात् (सन्तुलन नहुन, रिङ्गटा लाग्नु, आँखा धमिलो देख्नु, अनुहार बाङ्गिनु, हातखुट्टा लुलो हुनु, बोली लरबराउनु, बोल्न नसक्नु, समय खेर नफाली अस्पताल पुर्‍याउनु) नामकरण गरेका छन्।

**मस्तिष्कघात कसलाई हुन सक्छ ?**

५० वर्ष उमेर नाघेका, उच्च रक्तचाप भएका, धूम्रपान र मद्यपान सेवन गर्ने व्यक्ति, मधुमेह, उच्च कोलेस्ट्रोल भएका, तनावपूर्ण जीवनशैली जिउने व्यक्ति, मुटु तथा रक्त सञ्चारसम्बन्धी समस्या भएका, परिवारमा मस्तिष्कघातको इतिहास भएका तथा हालसालै अथवा पुरानो मस्तिष्क सङ्क्रमणले ग्रस्त बिरामीलाई यसको जोखिम हुन सक्ने जनाइएको छ।

**मस्तिष्कघात कसरी हुन्छ ?**

डा फुयाँलका अनुसार मस्तिष्कघात दुई किसिमले हुन सक्छ। एक मस्तिष्कभित्रको रक्तनलीमा रगतको थेग्लो जमेर र अर्को मस्तिष्कमा रगत आपूर्ति गर्ने धमनीहरू फुटेर। दुर्भाग्यवश पक्षघातको रोकथाम एवं उपलब्ध सेवाहरूको सम्बन्धमा जानकारी न्यून भेटिएको छ। तसर्थ हामीले त्यस दिशामा ध्यान पुर्‍याउन आवश्यक छ।

अस्पतालका कार्यकारी अध्यक्ष प्राडा दीक्षितले भनिन्, "प्राडा उपेन्द्र देवकोटाले यस अस्पतालको संस्थापनका उद्देश्यमा 'पक्षघात तथा विकलाङ्गताका रोकथाममा समर्पित संस्था' भनी प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। उहाँकै मार्गदर्शनमा नेपालकै पहिलो एएसयू (एक्युट स्ट्रोक युनिट)को स्थापना र बाइ प्लेन क्याथल्याबको उपलब्धताले अन्तर्राष्ट्रियस्तरको पक्षघातको पूर्ण सेवा यस अस्पतालमा सम्भव भएको छ। यही नै हाम्रो संस्थापकप्रति हाम्रो सच्चा श्रद्धाञ्जलि हो।"

# अघि बढ्यो काठमाडौं-रक्सौल रेलमार्गको विस्तृत अध्ययन

काठमाडौं, २८ मङ्सिर/रासस

तीन वर्ष पहिले नै प्रारम्भिक अध्ययन सकिएको काठमाडौं-रक्सौल रेलमार्गको विस्तृत अध्ययन अघि बढेको छ। डेढ महीना पहिले सरकार र भारतीय सरकारबीच सम्झौता भएपछि अहिले विस्तृत परियोजना प्रतिवेदन अघि बढेको रेल विभागले जनाएको छ।

सङ्घीय राजधानी काठमाडौंलाई भारतको रक्सौलसँग जोड्ने सो रेलमार्गको अध्ययनमा भारत सरकारको नै लगानी रहेको छ। अक्टोबर महीनामा सम्झौता भएपछि नै भारतीय पक्ष आएर अध्ययनमा लागेको विभागका महानिर्देशक दीपकुमार भट्टराईले बताए। अहिले १८ महीनामा सम्पन्न गर्नेगरी सम्झौता भएको थियो। उनले भने, "उनीहरूले त्यो समयभन्दा चाँडो सक्छौं भनिररहेका छन्।"

भारतीय पक्षले सन् २०१८ मा प्रारम्भिक (प्रिलिमनरी इन्जिनीयरिङ एन्ड ट्राफिक सर्भे) अध्ययन सकाएको महानिर्देशक भट्टराईले बताए। पहिलो चरणको काम भएपनि अझै महत्त्वपूर्ण काम बाँकी रहेको छ। अहिलेको विस्तृत अध्ययनमा 'फाइनल लोकेसन सर्वेक्षण' हुने बताइएको छ।

सो रेलमार्गको लम्बाइ झन्डै १३६ किमी हुने प्रारम्भिक अध्ययनका क्रममा देखिएको छ। रेलमार्ग निर्माणमा कति लगानी लाग्ने भनी यकीन नभएको महानिर्देशक भट्टराईले बताए। विस्तृत अध्ययन हुँदा नै पहिले त्यसमा लाग्ने लगानी यकीन हुने र त्यसकै आधारमा कहाँबाट व्यवस्थापन गर्ने भन्ने छलफल हुने उनले बताए।

लगानीका विषयमा कसले गर्ने र कति र कसरी गर्ने भन्ने स्पष्ट भइसकेको छैन। लगानी यकीन भएपछि त्यसकै आधारमा भारत सरकारलाई भन्ने कि अरू विकल्पमा जाने भनी टुङ्गो लाग्नेछ। भारत सरकारले निर्माण गरिरहेका दुई देश जोड्ने अरू रेलमार्ग पनि ब्रोडगेजमा निर्माण भएको थियो। दुई देश जोड्ने सो रेलमार्ग निर्माण भएर रेल सञ्चालनमा आएपछि भारतबाट आयात हुने सामान सीमासम्म ल्याउन र त्यहाँबाट सङ्घीय राजधानीसम्म लाग्ने लागत कम हुने अपेक्षा गरिएको छ।

भारतबाट आयात हुने सामानको ठूलो हिस्सा वीरगंजबाट आउने र त्यो सामानमध्ये काठमाडौंमा आइपुग्ने धेरै भएकाले पनि लागत कम हुनेछ। आयातका लागि कम लागत लाग्ने हुँदा त्यसले सामानको समेत मूल्य पनि घट्न जाने अपेक्षा गरिएको छ।

सरकारले आफ्नै लगानीमा पूर्व-पश्चिम विद्युतीय रेलमार्ग अघि बढाइरहेको छ भने छिमेकी देशसँग जोडिने गरी रेलमार्गको कतै अध्ययन र कतै निर्माण अघि बढाइएको छ। सन् २०१२ मा भारत सरकारसँग सीमामा पाँच ठाउँमा रेलमार्ग निर्माण गर्ने सहमति भएको थियो।

भारत सरकारको अनुदान सहयोगमा पाँच स्थानमा रेल निर्माण गर्ने भनिए पनि एउटा यो र अर्को बथनाहादेखि विराटनगरको रेलमार्गमा मात्रै निर्माण भइरहेको छ। अरू तीन स्थानमा भने शुरू नै हुन सकेको छैन। केही वर्ष पहिले चीन सरकारले काठमाडौं-केरुङ रेलमार्ग निर्माणमा चासो देखाएको थियो। केरुङबाट काठमाडौं र काठमाडौंबाट पोखरा र लुम्बिनीसम्मको रेलमार्ग निर्माणका लागि छलफल भएपनि अध्ययन अघि बढ्न सकिरहेको छैन। सरकारले आफ्नै लगानीमा पूर्व-पश्चिम विद्युतीय रेलमार्ग निर्माण अघि बढाइरहेको छ। सो रेलमार्ग पनि बजेटको कमी, जग्गाप्राप्तिको समस्यालगायतका कारणले गति लिन सकेको छैन।

नेपालमा राणाकालमैं विसं १९८४ तिर भारतको रक्सौलदेखि नेपालको अमलेखगंज तथा विसं १९९४ तिर जयनगरदेखि जनकपुरसम्म रेलसेवा थियो। त्यो बन्द भएको लामो समयपछि अहिले रेलमार्ग निर्माणअघि बढिरहेको छ।

# नागरिकताविहीनको गुनासो पहिचान खोज्न ठूलै सङ्घर्ष

जनकपुर, २८ मङ्सिर/रासस

नेपालमा जन्मिए लगत्तै जन्मदर्ता र १६ वर्ष उमेर पुगेपछि नागरिकता पाउने व्यवस्था छ। तर सप्तरीको बोदे बर्साइन



तस्वीर: फाइल

नगरपालिका-७ बगबिराका ६५ वर्षीय जिवछ सदा र ५५ वर्षीय देवनारायण सदाले अझै नागरिकता पाउन सकेका छैनन्।

हरेक नेपालीले सहजरूपमा पाउनुपर्ने नागरिकता प्रमाणपत्रका लागि जनप्रतिनिधि, कर्मचारीदेखि ठूला नेतासम्मलाई गुहार गरे पनि अझै नागरिकता पाउन नसकेको सदाको गुनासो छ। सदाद्वयले नागरिकता नपाउँदा उनीहरूको सिङ्गो परिवार अहिले आफ्नो पहिचान खोज्न ठूलै सङ्घर्ष गरिरहेका छन्। "नेपालमैं जन्मिएँ, यहीं हुर्किएँ तर अहिलेसम्म आफू नेपाली भएको कुनै पहिचान नै पाउन सकिनँ," जिवछले भने, "घरको मूल व्यक्ति मेरै नागरिकता नभएपछि आफ्नो सिङ्गो परिवार नै पहिचानविहीन बनेको छ।"

उनको नागरिकता नबन्दा उनकी पत्नी ६० वर्षीया अमिरकादेवी सदा, उनको जेठा छोरा ३५ वर्षीय जीतेन्द्र सदा, बुहारी २८ वर्षीया सरस्वती सदा, जेठी छोरी २५ वर्षीय मनीषा सदा र कान्छी छोरी १८ वर्षीया अनीषाले नागरिकता बनाउन पाएका छैनन्। आफ्नो नागरिकता नबनेकै कारण दुई वर्षीया नातिनी बिसु सदा र एक वर्षीय नाति सुभाष सदाको जन्मदर्तासमेत नबनेको जिवछको दुःखेसो छ।

नेपाली भएको प्रमुख पहिचान नै नागरिकता नपाएका ती परिवारका सदस्य अहिलेसम्म राज्यबाट पाउनुपर्ने सबै सेवा-सुविधाबाट वञ्चित भएको दुःखेसो पोखेका छन्। जन्मेपछि कानूनीरूपमा राज्यको नागरिकको फेहरिस्तमा नाम जोडिनुपर्छ तर बुबा बिलट सदाको नागरिकता नहुँदा अहिले उनको पूरै परिवार नै पहिचानको सङ्कटमा परेको छ। "बुबाको नागरिकता नहुँदा मेरो जन्मदर्ता बन्न सकेन," जिवछले भने, "अहिले मेरो नागरिकता नहुँदा पत्नी र छोराछोरी अनि नातिनातिनीसम्मको पहिचान बन्न नसकेको हो।"

जन्मदर्ता नबन्दा छोराछोरीले पनि विद्यालयमा पढ्न पाएनन्, अहिले नातिनातिनीको अवस्था पनि यस्तै बनेको उनको कथन छ। आर्थिक विपन्नताका कारण केही समय रोजगारका लागि भारतको पञ्जाबमा काम गरेर फर्केका सदा अब बुढेसकाल लागेकाले स्वदेशमैं मेहनत गर्न चाहे पनि नेपाली भएको कुनै पहिचान नहुँदा समस्या भइरहेको उनको भनाइ छ। "गाउँमा नागरिकता टोली आएको बेला कमाउन पञ्जाबमा थिएँ," उनले भने, "त्यति बेला छरछिमेकको नागरिकता भयो, हामी छुटिहाल्यौं।" त्यसयता तत्कालीन गाविस कार्यालयदेखि अहिलेको स्थानीय तहको वडा कार्यालयसम्म नागरिकताको सिफारिशका लागि धाउँदै आएँ तर सकिनँ।"

नागरिकताको सिफारिशको लागि जन्मदर्ता खोज्छन्, तर आफ्नो जन्मदर्ता छैन भन्दै उनले नेपालमा जन्मिएँ, तर नेपाली भएको कुनै प्रमाण नहुँदा आफ्नो जीवन नै व्यर्थ भएको महसूस भइरहेको बताए। पतिको नागरिकता नबन्दै ससुरा बिलट र सासू सुनरवतीको मृत्यु भएपछि आफूहरू झन् समस्यामा फसेको जिवछ सदाकी पत्नी अमिरकाको कथन छ। "नागरिकता नहुँदा राज्यको मात्रै होइन समाज तथा समुदायबाट पनि अलग हुनुपरेको छ," अमिरकादेवीले भनिन्, "नागरिकताकै अभावमा गाउँस्तरमा बन्ने कुनै पनि समूहमा सदस्यता पाउनसमेत सकिरहेकी छैन।" नागरिकता नहुँदा सामाजिक सुरक्षाभत्ताबाट समेत वञ्चित रहेको उनको भनाइ छ।

यस्तै, देवनारायण सदाको नागरिकता नबन्दा उनको १० जनाको परिवार पनि पहिचानको सङ्कटमा परेको छ। नागरिकताका लागि ठूलै कसरत गरे पनि अझै सफलता नमिल्दा आफूसँगै आफ्नी ५० वर्षीया पत्नी सुशीला, ३५ वर्षीय जेठो छोरा प्रभु सदा, २८ वर्षीया जेठी बुहारी ज्योति, कान्छो छोरा खजन सदा र २० वर्षीया कान्छी बुहारी सम्झनादेवीको पनि नागरिकता बन्न नसकेको देवनारायणको भनाइ छ।

छोरा र बुहारीको नागरिकता नबनेकाले सात वर्षीय नाति देव, तीन वर्षीय प्रेम र छ महीनाका कृष्णाको जन्मदर्ता नबनेको उनको भनाइ छ। ''जहाँ गइयो, जे कामका लागि गइयो, त्यहाँ पहिला नागरिकता नै माग्छन्," देवनारायणले भने, "तर सानैमा बुबाको मृत्यु भएकाले अहिलेसम्म नागरिकता बन्न सकेन।"

नागरिकताका लागि पञ्चायतकालदेखि अहिलेसम्म सबै निकायमा धाएँ तर नागरिकता बन्नै सकेन, उनको दुःखेसो छ। बगबिराका जिवछ र देवनारायण मात्र होइन, बोदे बर्साइन नगरपालिकाका विभिन्न वडाका दलित बस्तीमा नागरिकताको समस्या अझै भयावह रहेको एक तथ्याङ्कले समेत देखाएको छ। वडामा जन्मदर्ता, विवाहदर्ता र नागरिकताको ठूलो समस्या पाइएपछि व्यक्तिगत घटना दर्तासँगै नागरिकता र जन्मदर्ता बनाउने अभियान शुरू गर्न लागिएको छ।

द फ्रिडम फन्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्र, सप्तरीले ती वडाका दलित बस्तीका हरवाचरवा परिवारलाई लक्षित व्यक्तिगत घटना दर्तासँगै नागरिकता र जन्मदर्ता बनाउने अभियान सञ्चालन गर्न लागेको छ। दलित बस्तीमा नागरिकता र जन्मदर्ताको समस्या देखिए पनि अभियान नै चलाउन लागेको श्रीपुर्राज सामुदायिक विकास केन्द्रका कार्यक्रम संयोजक शारदा चौधरीले बताइन्।

अधिकांश दलित बालबालिका जन्मदर्ताकै कारण पढ्न नसकेको पाइएको कार्यक्रम संयोजक चौधरीको भनाइ छ।

जनचेतनाको अभावमा नागरिकता र जन्मदर्ताको महत्त्व नबुझेर पूर्वजहरूले समयमैं जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता बनाउन होश नपुर्‍याउँदा अहिलेको सन्ततिले दुःख पाइरहेको बोदे बर्साइन नगरपालिका-७ का अध्यक्ष बिजली कापैरको भनाइ छ।

प्रमाण जुटाउन नसक्दा जन्मदर्ता र नागरिकताको सिफारिश गर्न कठिनाइ भइरहेको सुनाउँदै वडाध्यक्ष कापैरले ती परिवारको नागरिकता समस्या समाधानका लागि आवश्यक पहल भइरहेको बताए।

# आयुर्वेदको गौरव-गरिमा

## जीवेम शरदः शतम्

### आयुर्वेदको पुरातन महिमा कसरी जीवन्त हुन्छ

कुनै जमानामा आयुर्वेद चिकित्सा विश्वमा मूर्धन्य थियो। क्षेत्रीय प्रचलनमा अन्य प्रकारको उपचार पनि काम आउँथ्यो तर त्यसको न यति प्रामाणिकता थियो, न प्रतिक्रिया नै अनुकूल हुन्थ्यो।

आयुर्वेदमा जडीबूटीद्वारा उपचार गर्ने पद्धतिलाई सुलभ, निर्दोष र बढी फलप्रद मान्दै त्यसलाई प्राथमिकता दिइएको छ। तर पछि रस, भस्म पनि सम्मिलित भयो र चमत्कारिताको दृष्टिले त्यसले पनि समुचित श्रेय तथा सम्मान पायो।

जतिबेला युद्ध भइरहेको थियो त्यति बेला आयुर्वेदमा शल्य चिकित्साको पनि आविष्कार एवं शानदार प्रयोग भयो। युद्धमा तीर, तरबार, बर्छा, छुरा, फर्सा आदिको प्रयोग हुन्थ्यो। त्यसबाट सैनिक घाइते हुन्थे तर अङ्ग काटिएर पनि जीवित रहन्थे। उनीहरूको अङ्गमा शस्त्र र हाडमा अस्त्र फसिरहेको हुन्थ्यो। त्यसलाई निकाल्नु एउटा कठिन एवं जटिल काम थियो। यस्तो दशामा शल्य चिकित्साको विकास गरेर आयुर्वेदको माध्यमबाट आहत एवं पीडितको ठूलो सेवा भयो। इतिहास भन्छ–ईसाभन्दा ६ शताब्दीपूर्वक विद्वान् आत्रेय, सुश्रुत आदि मनीषिहरूले शल्य चिकित्साको उच्चस्तरीय विकास गरेका थिए। तक्षशिलामा यस प्रशिक्षणको लागि समुचित व्यवस्था थियो। यस सन्दर्भमा अनेक विशेषज्ञहरूले आआफ्नो अनुभवको आधारमा अनेक ग्रन्थ पनि लेखेका थिए। शल्य प्रयोजनमा काम आउने साना–ठूला उपकरणको सङ्ख्या १८० सम्म पुग्थ्यो। शूची भेद चिकित्सा (इन्जेक्शन) र धूम्र चिकित्सा (यज्ञोपचार) आदि आविष्कारले त भारतको ख्याति संसारभरि पुऱ्याएको थियो। यस विद्याको ज्ञान प्राप्त गर्नको लागि सुयोग्य छात्र आउँथे र आआफ्नो प्रदेशमा स्वास्थ्य रक्षाको सेवा साधना गर्दथे। एक्युपन्चरको शिक्षण तिब्बती र चिनियाँ चिकित्सकले भारतमा नै गरेका थिए।

कुनै समय भारतमा दर्शन, अध्यात्म, साहित्य, कला, विज्ञान जस्तै आयुर्वेदको पनि उच्च दर्जा थियो। मानव जातिको यस आविष्कारबाट महानतम् हित साधन भयो।

समय चक्र बदलियो। मुसलमानी शासन स्थापित भयो। त्यसको साथ तिब्बती चिकित्सा पद्धतिको पनि आगमन भयो। त्यसले प्रोत्साहन पायो। त्यस पद्धतिमा अधिकांश प्रयोग र सिद्धान्त आयुर्वेदकै सम्मिलित छ। तर पनि छाप त अलग्गै लागेको थियो। यसैले शासकीय छत्रछात्रामा त्यसले प्रधानता पायो। आयुर्वेद क्षेत्रमा निराशा फैलिँदै गयो। जहाँ सम्मान र पैसा बढी पाइन्थ्यो त्यतातिर नै ढल्कने मनुष्यको प्रवृत्ति हो। यसैले वैद्यको अपेक्षा तबीवहरूको बोलवाला बढ्दै गयो। तर पनि आयुर्वेद आफ्नो मौलिक विशेषताको कारण आफ्नो खुट्टा दृढतापूर्वक जमाइरह्यो। सम्पन्न व्यक्तिको बीच न सही, देहाती र गरीब वर्गमा उसले यथावत् प्रश्रय पाइरह्यो। सबैभन्दा ठूलो विशेषता यो थियो कि घरेलु जडिबूटी र भान्सामा काम लाग्ने मसालाबाट नै त्यो लाभ हुन्थ्यो जुन थुप्रै पैसा खर्च गरेर र ठूल्ठूला ढोकामा टाउको निहुँराउँदा पनि हुँदैनथ्यो। यही त्यो विशेषता हो जुन अङ्ग्रेज शासनकालमा अतिशय सम्मान पाउने एलोपैथीको व्यापक प्रभावको अगाडि पनि आयुर्वेद पद्धतिले कुनै प्रकार आफ्नो अस्तित्व जोगाइराख्यो। सरकारी अस्पतालमा प्रायः एलोपैथी चिकित्सक र उनीहरूसँग सम्बन्धित औषधिको भरमार थियो। विदेशी सरकार गएपछि पनि पाश्चात्य चिकित्सा पद्धतिको प्रभाव अहिले पनि जस्ताको त्यस्तै छ। शहरमा न सही–सम्पन्नमा न सही तर देहाती गरीब क्षेत्रमा अहिले पनि आयुर्वेदसँग सम्बन्धित उपचार कार्यान्वित हुन्छ।

> **औषधिको गुण भूमिसँग सम्बन्धित हुन्छ। चीसो, तातो, ढुङ्गे, बलौटे आदि क्षेत्रमा उत्पत्तिमा भूमिको अनुसार गुण हुन्छ। अस्तु आयुर्वेद विशेषज्ञले वनस्पति सञ्चय गर्ने समय के पनि हेर्नुपर्छ भने त्यो उत्पादन उपयुक्त क्षेत्रको छ कि छैन।**

समयको चक्र र प्रभाव त आयुर्वेद पछाडि पर्नुको एउटा ठूलो कारण हो। राज्याश्रयमा शासकहरूको रुचि पनि ठूलो काम गर्दथ्यो। उनीहरूद्वारा दिइएको प्रोत्साहनले पनि आफ्नो काम गर्दथ्यो। यस प्रकार तिब्बीको उपरान्त एलोपैथीले श्रेय र सम्मान पाइरह्यो भन्दा आश्चर्यको कुरा होइन। तर पनि यति मान्नुपर्छ कि आयुर्वेद क्षेत्रको नेतृत्व गर्नेवालाले समयको सामना गर्नको लागि जुन तत्परता गर्नुपर्ने थियो, त्यो गरिएन।

आयुर्वेद वस्तुतः जडीबूटी (वनौषधि) प्रधान छ। त्यसको सही र शुद्ध हुनु अत्यन्त आवश्यक छ। यदि त्यो सडेगलेको छ भने त्यसको प्रामाणिकताको रक्षा हुन सक्दैन, न त्यसको समुचित प्रतिफल नै दृष्टिगोचर हुन सक्छ। पंसारीको पसलमा पाइने वनस्पति वर्षौं पुरानो हुन्छ जबकि त्यसको तोडेपछि त्यसको गुण मुश्किलले एक वर्षसम्म रहन्छ। यस्तो दशामा गुणहीन वनौषधिबाट यो आशा गर्न सकिँदैन कि त्यसले समुचित प्रभाव उत्पन्न गर्छ। एउटै रूपको थुप्रै वनस्पति हुन्छ। यस्तो दशामा कठिनाइले भेटिने औषधिको सट्टा सस्तो वस्तुको प्रयोग गर्नु दोष नै हो जसको कारण रोगी लाभबाट वञ्चित रहन्छ र चिकित्सक अपयशको भागी बन्नुपर्छ। वनस्पतिलाई प्रौढावस्थामा नै लिनुपर्छ ताकि त्यसको गुण र रस परिपक्व हुन सकोस्।

उखेल्ने व्यक्तिले काँचो–पाकेको ध्यानमा नराखेर वजन बढाउनको लागि जे पनि खुर्पी तल आउँछ त्यसलाई खन्छन्। पंसारी पनि त्यसको छाँट, धुलाइ र सफाइ गर्दैन। यस्तो दशामा यो जोखिम झनै बढ्छ कि त्यो गुणहीन स्थितिमा छ र आफ्नो समुचित प्रभाव देखाउन सक्दैन।

औषधिको गुण भूमिसँग सम्बन्धित हुन्छ। चीसो, तातो, ढुङ्गे, बलौटे आदि क्षेत्रमा उत्पत्तिमा भूमिको अनुसार गुण हुन्छ। अस्तु आयुर्वेद विशेषज्ञले वनस्पति सञ्चय गर्ने समय के पनि हेर्नुपर्छ भने त्यो उत्पादन उपयुक्त क्षेत्रको छ कि छैन। प्रयोगको अवधि बितेपछि त्यो बेकार हुन्छ र त्यसको विशेषता पनि समाप्त हुन्छ।

पुराना औषधिमध्ये अनेकौं दुर्लभ र समाप्त हुँदैछ। 'फ्लोरा' क्रमशः मेटिंदैछ। नयाँ केयौं यस्ता पनि छन् जो आफ्नो विशेष गुण प्रदर्शित गर्छन्। यस सन्दर्भमा यस्तो प्रयोगशाला र अनुसन्धान गतिविधि आधुनिकतम परीक्षणको साथ चल्नुपर्छ जसबाट वस्तुस्थितिको जानकारी पाइरहोस् र आयुर्वेद आफ्नो पुरातन गरिमा बनाइराख्नुको साथै नवीन विशेषताको जानकारी पनि आफ्नो क्षेत्रमा सम्मिलित गर्न सकोस्। एउटा यस्तै प्रयोग यात्री तीर्थ–ब्रह्मवर्चस्को वनौषधि अनुसन्धान प्रयोगशालामा चलिरहेको छ। अगणित व्यक्ति ताजा औषधिको प्रयोगबाट लाभ पाएका छन् एवं विज्ञान जगत् पनि यसतर्फ आकर्षित भएका छन्।

# नेप्सेमा सकारात्मक सर्किट

काठमाडौं, २८ मङ्सिर/रासस

धितोपत्र बजारमा कारोबार मापक नेप्से परिसूचकमा उच्च वृद्धि भएपछि मङ्गलवार बाँकी समयको कारोबार बन्द गरिएको छ। यसअघि आजै कारोबार खुलेको दुई घण्टा नपुग्दै पाँच प्रतिशतले नेप्से बढेकाले ४० मिनेटका लागि बजार बन्द गरिएको थियो। नेपाल स्टक एक्सचेन्जका अनुसार कारोबार शुरू भएको एक घण्टा ३८ मिनेट अर्थात् १२:३८ मा नेप्सेको सूचक ११४ दशमलव २५ अङ्क अर्थात् पाँच दशमलव ०१ प्रतिशतले बढेर सकारात्मक सर्किट लागेको थियो।

कारोबार बन्द भएको ४० मिनेटपछि पुनः किनबेच शुरू गर्नका लागि बजार खुल्ने बित्तिकै निरन्तर बढेर छ दशमलव ०१ प्रतिशतले नेप्से बढेकाले आजको कारोबार बन्द भएको नेप्सेले जनाएको छ। नेप्सेले कारोबार अवधिभर छ प्रतिशतसम्म बढ्न वा घट्न सक्ने गरी सर्किट ब्रेकको सीमा निर्धारण गरेको छ।




कारोबार खुलेको पहिलो घण्टाभित्रै चार प्रतिशत र दोस्रो घण्टाभित्र पाँच प्रतिशतले बजार घटे वा बढे कारोबार बन्द हुने सीमा निर्धारण गरिएको छ। त्यसपछि पनि छ प्रतिशतले बजार बढेमा बाँकी समयको कारोबार बन्द गर्ने व्यवस्था छ।



**महादेवको मूर्ति अवलोकन गर्दै पर्यटक** : पोखरा महानगरपालिका–२२ पुम्दीकोमा नवनिर्मित विशाल महादेवको मूर्ति अवलोकन गर्न आएका आन्तरिक पर्यटक। पोखरामा पर्यटकीय पूर्वाधार बन्ने क्रम बढिरहेको छ। तस्वीरः रासस

## फरक समाचार

# पानको शर्बतको फाइदा

पान नेपाल र भारतमा खाने गरिन्छ। विवाह, चाडपर्वमा पान शोखले खाने गरिन्छ। पानको पातले मुख सफा राख्नुका साथै दुर्गन्ध पनि हटाउँछ। पानले खाना पचाउन मदत गर्छ। यसमा एन्टिबायोटिक, एन्टिइन्फ्लामेट्री, एन्टिइन्फेक्टिभ,



एन्टिसेप्टिक हुन्छ। तर आज हामी पानको पातको शर्बतको चर्चा गर्दैछौं।

बिहान खाली पेटमा पानको शर्बत पिउँदा यसले शरीरको इन्टेस्टाइन्समा पुगेर डिटक्स गर्ने काम गर्छ। यसको साथै यसले मेटाबोलिज्म र बाउल मुभमेन्टलाई पनि तेज गर्छ। आयुर्वेद अनुसार कब्जियतबाट राहत पाउन पानको पात खान सल्लाह दिइएको छ। यसको लागि पानको पातलाई मिचेर रातभरि पानीमा भिजाएर राख्ने, बिहान यसलाई पिसेर रसमा कालो नून मिसाएर पिउनुपर्छ। यसले पेटलाई पनि सफा गर्छ।

पानको पात एन्टिफङ्गल हुन्छ। योनीमा सङ्क्रमण भएको बेलामा यसलाई खाँदा निकै आराम पुग्छ साथै यसले इम्युनिटी पनि बुस्ट गर्छ। पानको पातमा एन्टि–इन्फ्लामेट्री कम्पाउन्ड्स हुन्छन्। जसले जोर्नीमा भइरहेको बेचैनी, पीडालाई कम गर्छ। तातो दूधमा पानको शर्बत मिसाएर खाँदा जोर्नीमा मजबूती ल्याउँछ। यसको अलावा पानको शर्बत पिउँदा हाडमा लागेको चोटमा चाँडै निको गर्न मदत गर्छ।

पानको शर्बत पिउँदा भोक बढ्छ। यसले शरीरमा रहेको विषाक्त पदार्थ बाहिर निकालेर मेटाबोलिज्म तीव्र गर्छ। त्यस कारण हामी जे खान्छौं, त्यो चाँडै पच्छ र भोक बढाउँछ। यदि भोक नलाग्ने समस्या छ भने पानको शर्बत पिउनुपर्छ।

पानमा एन्टिब्याक्टेरियल गुण हुन्छ, जसले मुखमा रहेका खराब ब्याक्टेरियासँग लड्छ र दाँत कुहिनबाट जोगाउँछ। जसको मुख वा सास गन्हाउँछ, उसको लागि पानको शर्बतले निकै फाइदा पुऱ्याउँछ। यसले इन्टेस्टाइन्सको स्वास्थ्यलाई बढाउनुको साथै सास र मुखको दुर्गन्धबाट पनि छुटकारा दिन्छ। साथै दाँत, गिजा दुखाइ, सुन्निएको मुखको सङ्क्रमणसँग पनि लड्छ।

# जाडोमा काँध किन अकडिन्छ

जाडोको मौसममा शरीर कक्रक्क हुने गर्छ। यसको साथै धेरैजनालाई फ्रोजेन शोल्डर (काँध जकडिने) समस्या हुन्छ। यसको कारण चीसो मौसममा



अनियमित जीवनशैली र गलत खानपान हो। जाडो मौसममा स्वस्थ रहन सधैं कसरत गर्नुपर्छ।

**फ्रोजेन शोल्डरका लक्षण:** लगातार र लामो समयसम्म काँध दुख्ने, असहनीय पीडाको कारण काम गर्न समस्या हुने, हातलाई माथि–तल र हल्लाउँदा दुखाइ बढ्ने गर्छ।

यदि यस्तो समस्या छ भने हरेक दिन २०–३० मिनेटसम्म कसरत गर्नुपर्छ। स्ट्रेचिङ कसरतबाट बढी फाइदा पुग्छ। तर कसरत गर्नुपूर्व चिकित्सकसँग सल्लाह अवश्य लिनुपर्छ। साथै हात र काँध बढी दुखेपछि गऱ्हुँगो सामान उठाउनुहुँदैन। गर्मको साटो चीसो पानी वा बरफले पनि काँध सेक्न सकिन्छ। यसको लागि एउटा रूमाल वा कपडामा बरफ राख्नुपर्छ। त्यसपछि हलुका किसिमले प्रभावित ठाउँमा सेक्नुपर्छ। यो उपाय पाँच मिनेटसम्म गर्न सकिन्छ।

शरीर दुख्ने, सुन्निने समस्या छ भने तातो पानीले फाइदा पुऱ्याउँछ। फ्रोजन शोल्डरबाट ग्रसित व्यक्तिहरूले तातो पानीबाट १०–१५ मिनेटसम्म काँध सेक्नुपर्छ। दिनमा दुईपटक सेकेपछि आराम पुग्छ।

कडा सिरानीमा सुत्दा पनि काँधमा दुखाइ हुने गर्छ। तसर्थ नरम सिरानीको प्रयोग गर्दा दुखाइबाट आराम र राम्रो निद्रा लाग्छ।

विज्ञका अनुसार शरीरमा क्याल्सियमको कमी भएपछि पनि काँध दुखाइको समस्या हुन्छ। यसबाट जोगिन क्याल्शियमयुक्त भोजन सेवन गर्नुपर्छ।

### खाना खाएपछि निद्रा लाग्ने समस्याबाट कसरी जोगिने ?



- डिप्रेशन, तनाव आदिबाट जोगिन ध्यान र योगको सहारा लिनुपर्छ।
- शारीरिक गतिविधि जस्तै योग र कसरत गर्नुपर्छ।
- राति पर्याप्त निद्रा लिनुपर्छ।
- निद्राको समय प्रतिदिन समान राख्नुपर्छ।
- आफूलाई सधैं हाइड्रेट राख्नुपर्छ।
- खानाको साथ रक्सीसेवन गर्नुहुँदैन।
- मानसिक स्वास्थ्यलाई ध्यानमा राख्नुपर्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## बेलायतमा ओमिक्रोनबाट पहिलो व्यक्तिको मृत्यु

लन्डन, २८ मङ्सिर/सिन्ह्वा

बेलायतमा ओमिक्रोन भेरियन्टबाट कम्तीमा एकजनाको मृत्यु भएको बेलायती प्रधानमन्त्री बोरिस जोनसनले सोमवार पुष्टि गरेका छन्। ओमिक्रोन भेरियन्टको कारण अस्पतालमा भर्ना भएकाहरूमध्ये कम्तीमा एकजना बिरामीको मृत्यु भएको पुष्टि भएको छ, "प्रधानमन्त्रीले पश्चिम लन्डनको प्याडिङ्टनमा रहेको खोप क्लिनिकको भ्रमणको क्रममा भनेका छन्।



अस्पतालमा मेडिकल सुविधाको बारेमा जानकारी लिंदै प्रम जोनसन। तस्वीरः एएफपी

यसअघि बेलायती स्वास्थ्य सचिव साजिद जाविदले ओमिक्रोनबाट सङ्क्रमित १० जना अस्पतालमा रहेको बताएका छन्। उनले अस्पतालमा भर्ना भएकाहरूको मृत्युदर बढ्न सक्ने चेतावनी पनि दिएका थिए। युके हेल्थ सेक्युरिटी एजेन्सीका अनुसार उनीहरूको उमेर १८ देखि ८५ वर्षबीचमा रहेको छ। बेलायती स्वास्थ्य सचिवले ओमिक्रोन भेरियन्ट असाधारण दरमा फैलिरहेको पनि चेतावनी दिएका छन्। सङ्क्रमणहरू प्रत्येक दुईदेखि तीन दिनमा दोब्बर हुँदै गइरहेको छ। यसको फैलावटको दर "हामीले पहिले कहिल्यै नदेखेको कुरा हो," उनले भनेका छन्।

बेलायतमा हिजो एक दिनमा ५४ हजार ६६१ जना नयाँ कोरोना भाइरस सङ्क्रमित देखा परेका छन्। यसैसँगै सङ्क्रमितको सङ्ख्या एक करोड ८७ लाख तीन हजार ४६८ पुगेको सोमवार जारी गरिएको आधिकारिक तथ्याङ्कमा जनाइएको छ। यसै अवधिमा कोरोना भाइरस सङ्क्रमणका कारण ३६ जनाको मृत्यु भएको छ। यसैसँगै कोरोनाबाट बेलायतमा एक ४६ हजार ४७७ जनाको मृत्यु भएको छ। अझै पनि बेलायतमा सात हजार ३७२ जना अस्पतालमा नै उपचाररत रहेका छन्। रासस

## वर्षा र बाढीका कारण १० जनाको मृत्यु, २० हजारजना विस्थापित

रियो डि जेनेरियो, २८ मङ्सिर/सिन्ह्वा

ब्रजीलमा बाढीका कारण मृत्यु हुने व्यक्तिको सङ्ख्या कम्तीमा पनि १० पुगेको अधिकारीहरूले जनाएका छन्। यहाँका उद्धारसम्बन्धी अधिकारीहरूले ब्रजीलमा गएको छ दिनदेखिको बाढीका कारण कम्तीमा पनि १० जनाको ज्यान गएको र अरू केही व्यक्ति हराइरहेको बताएका छन्। प्राप्त समाचार अनुसार यहाँका करीब २० हजार नागरिक घरबाट भागेर अन्यत्रै बसेका छन्। उनीहरू बढीका कारण विस्थापित भएका बताइएको छ। बाढीका कारण यहाँका कैयौं क्षेत्रमा असर परिरहेको छ। यसबाट कम्तीमा पनि ५१ वटा शहरमा इमर्जेन्सी पनि घोषणा गरिएको छ। यहाँका केही शहरी र अधिकांश ग्रामीण क्षेत्रमा बिजुली छैन भने अविरल वर्षाका कारण छ दिनयतादेखि जनजीवन प्रभावित बन्दै गएको छ।



बाढीबाट प्रभावित ब्रजीलको कोरिना गाउँ। तस्वीरः सिन्ह्वा

धेरै स्थानमा सैनिक हेलिकोप्टरहरूले उद्धार गरिरहेका छन्। केही सहायता सामग्री पनि हेलिकोप्टरहरूले पुऱ्याइरहेका छन्। यहाँका मौसमविद्हरूले वर्षाको प्रकोप अझै रहेकाले घरबाहिर ननिस्किन भनिरहेका छन्। उनीहरूले वर्षा र आँधीको पनि सम्भावना रहेको बताएका छन्। रासस

## चीनले अफगानिस्तानलाई मानवीय सहायता सामग्री पठायो

काबुल, २८ मङ्सिर/सिन्ह्वा

चीनले अफगानिस्तानलाई मानवीय सहायतासम्बन्धी सामग्रीको दोस्रो खेप पठाएको छ। दोस्रो खेपको सामग्री सोमवार काबुल आइपुगेको यहाँका अधिकारीहरूले जानकारी दिएका छन्।




चीसो मौसमका लागि भन्दै चीनले सोमवार यी सामग्री पठाएको हो। सोमवार काबुलमा आयोजना भएको एक कार्यक्रममा यी सामग्री हस्तान्तरण गरिएको हो।

रेलमार्फत ती सामग्री सोमवार अफगानिस्तानको राजधानी काबुल पुऱ्याइएको थियो। अफगानिस्तानको तालिबान सरकारका एकजना उपमन्त्री र अफगानिस्तानका लागि चिनियाँ राजदूत उपस्थित एक समारोहमा सोमवार ती सामग्री प्रदान गरिएको थियो। अफगानिस्तानका लागि रेलमा ती सागम्री ल्याइएको बताइएको छ। ती सामग्रीहरूमा ७० हजारवटा ब्लाङ्केट र ४० हजारवटा डाउन कोट रहेको बताइएको छ।

चीनले विगतदेखि अफगानिस्तानलाई सहयोग गर्दै आएको छ। यसअघि पनि चीनले खाद्यान्न र लत्ताकपडा सहयोग गरेको थियो। अहिले भने जाडो मौसमका लागि जाडो कपडा पठाइएको छ भने केही आधारभूत औषधिहरू पनि त्यहाँ पठाइएको समाचारमा जनाइएको छ। अफगानिस्तानमा तालिबानहरूले सशस्त्र विद्रोह गरेर यहाँको सरकारलाई विस्थापित गरेका थिए। त्यसयता यहाँका नागरिकलाई मानवीय सहायताको आवश्यकता परेको छ। रासस

**आयुर्वेदको चमत्कार**
इच्छा अनुसार छोरा-छोरी प्राप्त हुने !
लिखित प्रतिबद्धता !!
**सहयोगीः**
**बैद्य सूर्यमान श्रेष्ठ**
मो. ९८६९३७७४७७, ९८०५९२७०३३

**रानीघाट-पोखरिया बस समिति**

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

**आजको राशिफल**

| | |
|---|---|
| मेष – सुयश | वृष – खर्चवृद्धि |
| मिथुन – प्रसन्नता | कर्कट – कर्मप्राप्ति |
| सिंह – प्रगति | कन्या – वादविवाद |
| तुला – यात्रालाभ | वृश्चिक – कडापरिश्रम |
| धनु – सुसमाचार | मकर – उदरपीडा |
| कुम्भ – विजय | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

सानो परिवार सुखी परिवार।
वीरगंज महानगरपालिका

## सांसद यादवद्वारा केकरी सपको उद्घाटन

प्रस, परवानीपुर, २८ मङ्सिर/

वीरगंजको प्रतिष्ठित औद्योगिक घराना रूँगटा समूहका उद्योगपति सुरेश रूँगटाकी कान्छी छोरी उज्ज्वला रूँगटाले वीरगंजमा 'दी केकरी' पसल शुरू गरेकी छन्। वीरगंजको मुटु मानिने आदर्शनगरमैं निर्माण भएको रूँगटा मलको ग्राउन्ड फ्लोरमा २८० वर्गफिट क्षेत्रफलको पसलबाट उनले उद्यममा हात हालेकी हुन्।




पसलको जसपा नेता तथा पर्सा क्षेत्र नं १ का सङ्घीय सांसद प्रदीप यादवले उद्घाटन गरेका थिए। महिला उद्यमीहरू भारतमा अध्ययन गरी आफ्नै देशमा आएर उद्यम शुरू गरेकोमा उनले सराहना गरे। उनले महिलाहरूले मात्र गृहिणीको काम गर्नुपर्ने सोचलाई परिवर्तन गरी सानो ठूलो सबै प्रकारका उद्यम र व्यवसायमा महिलाहरूलाई प्रोत्साहन गर्नुपर्ने उनले जोड दिए।

भारतको उत्तराखण्डको मसुरीबाट मावि तहको अध्ययन गरेर दिल्लीको करोलबाग, पुसास्थित इन्स्टिच्युट अफ होटल म्यानेजमेन्ट (आइएचएम)बाट इकोनोमिक्समा अनर्स गरेर वीरगंज फर्केकी २५ वर्षीया उज्ज्वला घरबाटै बेकरीसम्बन्धी उत्पादन बनाएर डिलेभरी गर्दै आएकी थिइन्। सामाजिक सञ्जाल इन्स्टाग्राम र ट्वीटरमा द केकरी हैन्डलबाट व्यवसाय प्रारम्भ गरेकी उज्ज्वला रु १० लाखको लागतमा वीरगंजमैं पहिलो केकरी शुभारम्भ गरेकी हुन्। बेकरी र केकरी दुई फरक विषय हुन्। बेकरी बेकबाट बन्छ भने केकरीमा फिनिसिङ दिइन्छ।

अहिले उनको पसलबाट किज, ब्राउनिज, कपकेक, केक, ब्रेन्स, पिज्जा, किसलगायतका सामग्री बिक्री वितरण शुरू भएको छ।

## पोखरियामा सप्तचण्डी महायज्ञ शुरू

प्रस, पोखरिया, २८ मङ्सिर/

पोखरियामा मङ्गलवारदेखि ९ दिने सप्तचण्डी महायज्ञ शुरू भएको छ। प्रदेशसभा सदस्य प्रह्लाद गिरीले महायज्ञ र महायज्ञशालाको मङ्गलवार उद्घाटन गरेका थिए। महायज्ञको उद्घाटन गर्दै प्रदेशसभा सदस्य गिरीले धर्म संरक्षणको लागि यज्ञलगायतका कार्य आवश्यक रहेको बताए। उनले जिल्लामा रहेका विभिन्न धार्मिकस्थलको संरक्षणमा सबैको ध्यान पुग्नुपर्ने बताए। धार्मिक कार्यले मानिसलाई अनुशासित बनाउने हुँदा यसको अभ्यास निरन्तररूपमा गर्दा फाइदा हुने बताए।





महायज्ञको लागि सोमवार जलयात्रा निकालिएको थियो। पोखरिया नगरपालिका-६ मा स्थानीयवासी र नगरपालिका, वडापालिकाको सहयोगमा ९ दिने महायज्ञ शान्ति, अमनचयनको लागि आयोजना गरिएको हो। महायज्ञ उद्घाटन समारोहमा लोसपाका नेता निजामुद्दीन समानी, सुजीत गिरी, वडाध्यक्ष सियानन्द चौहानलगायतको सहभागिता थियो।

## लोकतान्त्रिक समाजवादीको सिम्रौनगढमा पार्टी कार्यालय उद्घाटन

प्रस, सिम्रौनगढ, २८ मङ्सिर/

लोकतान्त्रिक समाजवादी पार्टी नेपालको मङ्गलवार बाराको सिम्रौनगढ तरकारी बजारस्थित पार्टी कार्यालयको उद्घाटन भएको छ।




उद्घाटन गर्दै प्रमुख अतिथि पूर्व प्रदेश मन्त्री एवं प्रदेश नं २ का अध्यक्ष जीतेन्द्र सोनलले पहिले हामी के हौं, हाम्रो पहिचान के हो बुझ्नुपर्छ भने।

हाम्रो नामको पछाडि यादव, शर्मा, कानू, नुनिया, मुसहर, पासवान आदि थर रहेका छन् र पहाडतिर हामीलाई मधेसी भनेर बोलाइने हुनाले यही पहिचानलाई कायम गर्न उनले जोड दिए। उनले मधेसी हाम्रो पहिचान हो र हामी पराल बनेर होइन, डोरीझैं एकतामा रहे हाम्रो प्रगति निश्चित छ भने।

त्यस्तै, अर्का वक्ता विशिष्ट अतिथि केन्द्रीय सदस्य श्याम गुप्ताले सिम्रौनगढ ऐतिहासिक, धार्मिक, पर्यटकीय स्थल हुनुका साथै योद्धाहरूको पनि भूमि भएको बताए। उनले लोकतान्त्रिक आन्दोलनदेखि मधेसी आन्दोलनसम्म यहाँका जनताको अग्रगामी भूमिका रहेको बताए।

लोसपा सिम्रौनगढ नगर समिति अध्यक्ष किशोरी साह कलवारको अध्यक्षता भएको कार्यक्रममा जियालाल ठाकुर, राजेश यादव, परमानन्द मुखिया, सञ्जय यादव, दिनेश कुशवाहा, डा रामबाबू कुशवाहालगायतले मन्तव्य राखेका थिए।

कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी १७० जना लोसपामा प्रवेश गरे। नवप्रवेशीहरूलाई प्रमुख अतिथि जीतेन्द्र सोनलले फूल, माला, अबीर लगाइ स्वागत गरेका थिए।

कार्यक्रममा असहाय, अपाङ्ग, ज्येष्ठ नागरिक, एकल महिलासहित २२० जनालाई कम्बल दिएर सम्मान गरिएको थियो।

नेता सियाराम यादवले सञ्चालन गरेको कार्यक्रममा स्वागत नेता रामबाबू प्रसाद यादवले गरेका थिए।

## पूर्व गाविस सचिवविरुद्ध भ्रष्टाचार मुद्दा

प्रस, महोत्तरी, २८ मङ्सिर/

महोत्तरीको नमूना गाविस गौशालाका तत्कालीन सचिव नागेश्वर राय यादवले विकास निर्माण, कर्मचारीको तलब र सामाजिक सुरक्षा भत्ताको रकम दुरुपयोग गरी १२ लाख ८६ हजार रुपियाँ भ्रष्टाचार गरेको दाबीसहित अख्तियारले उनीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।

यससँगै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मङ्गलवार विशेष अदालतमा तीनवटा भ्रष्टाचार मुद्दा दायर गरेको छ।

अख्तियारले गाविस सचिव, विद्युत् प्राधिकरणको लेखाका कर्मचारी र नाम झुक्याएर परीक्षा दिई पास गरेका शिक्षकहरूविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर गरेको छ। तत्कालीन सचिवमाथि आर्थिक वर्ष २०६७/६८ को सामाजिक सुरक्षा भत्ताको नक्कली भरपाई बनाइ रकम दुरुपयोग गरेको आरोप छ।

अख्तियारले विद्युत् प्राधिकरणको वितरण तथा ग्राहक सेवा निर्देशनालय, लहान वितरण केन्द्रका लेखाप्रमुख विष्णुप्रसाद गुप्ताविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर गरेको छ। अवकाशप्राप्त कर्मचारीले पाउने रकम हिनामिना गरी भ्रष्टाचार गरेको आरोपमा उनीविरुद्ध मुद्दा दायर गरेको अख्तियारले जनाएको छ। उनीमाथि ९ लाख ३१ हजार रुपैयाँ दुरुपयोग गरेको आरोप छ।

झूटा विवरण उल्लेख गरी शिक्षक सेवा आयोगको परीक्षा उत्तीर्ण गरेको आरोपमा अख्तियारले मनकला चौलागाईं र मनिलाल आचार्यविरुद्ध पनि मुद्दा दायर गरेको छ।

उनीहरूले बर्दियाबाट आर्थिक वर्ष २०७४/७५ मा परीक्षा दिएका थिए। अख्तियारले उनीहरूमाथि त्यति बेलादेखि अहिलेसम्म लिएको तलबको एकमुस्ट हिसाब गरी ६ लाख ७४ हजार रुपियाँ बिगो मागदाबी गरेको छ।



**शीतलहरको तयारी:** जीतपुरसिमरा उपमहानगरपालिकाको आमादारका बासिन्दाहरू शीतलहरबाट जोगिन नयाँ छानो हाल्दै । पुस–माघ महीनामा तराईमा अत्यधिक जाडो हुने हुँदो छाना मरम्मत गर्ने गरिन्छ ।
तस्वीर: पङ्कज श्रेष्ठ


## लागूऔषधरहित परिवार: स्वस्थ जीवनको आधार

- लागूऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ ।
- लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्री वितरण तथा सेवन कानूनतः दण्डनीय छ ।
- गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरुलाई पनि लाग्न नदिऔं ।
- स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड







# बसको ठक्करबाट युवकको मृत्यु

प्रस, सर्लाही, २८ मङ्सिर/
सर्लाहीमा बसले ठक्कर दिंदा मोटरसाइकलमा सवार एकजना युवकको मृत्यु भएको छ । मृत्यु हुने रामेछाप जिल्लाका ३५ वर्षीय राजेश घिमिरे खत्री रहेको जिल्ला प्रहरी कार्यालय, सर्लाहीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय, सर्लाहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक माधवप्रसाद बुढाथोकीका अनुसार सोमवार राति करीब नौ बजे लालबन्दी नगरपालिका वडा नं १ बागवानी पुलनजीक राजमार्गमा पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको ना.५ख १४९९ नम्बरको बसले विपरीत दिशाबाट आइरहेको लु.७७प ९२०० नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो। उक्त सडक दुर्घटनामा मोटरसाइकलमा सवार खत्रीको टाउकोमा गम्भीर चोट लागेको थियो ।

उनलाई मोडेल अस्पताल, लालबन्दीबाट नेशनल मेडिकल कलेज, वीरगंज रिफर गरेकोमा मेडिकल कलेजका चिकित्सकले मङ्गलवार बिहान मृत घोषणा गरेका थिए । मोटरसाइकललाई ठक्कर दिने बस प्रहरीको नियन्त्रणमा रहेको र चालक फरार रहेकाले खोजतलाश भइरहेको जिल्ला प्रहरी कार्यालय, सर्लाहीले जनाएको छ ।

# प्रदेशसभाको बैठक बुधवारदेखि बस्ने

प्रस, जनकपुरधाम, २८ मङ्सिर/
लामो समयपछि प्रदेश २ को प्रदेशसभाको बैठक बस्न थालेको छ । बुधवार प्रदेशसभाको बैठक बस्ने र सोको लागि आवश्यक सम्पूर्ण तयारी पूरा भएको प्रदेशसभाको सचिवालयले जनाएको छ ।

प्रदेश प्रमुख हरिशङ्कर मिश्रले मङ्लवार नेपालको संविधानको धारा १८३ को उपधारा १ बमोजिम प्रदेशसभाको आठौं अधिवेशन बुधवारका लागि आह्वान गरिएको जनाएका छन् ।

बुधवार बस्ने प्रदेशसभा बैठकमा प्रदेशको नामकरण सम्बन्धमा प्रस्ताव पेस हुने अनुमान गरिएको छ ।

बुधवार बिहान ११ बजेका लागि बोलाइएको प्रदेशसभा बैठकमा उपस्थित हुनका लागि सांसदहरूलाई जानकारी गराइएको प्रदेशसभाका सचिव रञ्जीत यादवले बताए ।

**बकैया खोला.....**

फेद र चुरे संरक्षण क्षेत्रबाट दिनदहाडै ढुङ्गा चोरी–तस्करी भइरहे पनि स्थानीय सरकार निजगढ नगरपालिका, सशस्त्र प्रहरी सुरक्षा बेस, निजगढ र सशस्त्र प्रहरी अस्थायी सुरक्षा बेस, लाल मौन रहेको स्थानीयको आरोप छ ।

निजगढ नपा–४ कछडिया टोलको फूटबल खेलमैदान आसपास, अवनिश क्रसर उद्योग पछाडिको खाली जमीनलगायत अन्य स्थानमा खोलाबाट चोरी–तस्करी गरी गैरकानूनीरूपमा ढुङ्गा थुपारिएको छ । गत वर्ष यस्ता अवैध ढुङ्गालाई निजगढ नपाले जफत गरे पनि अहिले सो कार्यालय पनि मौन बसेको छ ।

सरकारले वर्षायाम असार, साउन र भदौ तीन महीना नदीजन्य पदार्थ सङ्कलन, उत्खननमा रोक लगाउने गरेको छ । यो अवधिमा नदी, खोला, बगरमा कुनै पनि बहानामा पस्न मनाही छ । तर पनि खोलाबाट दिनदहाडै ढुङ्गा चोरी–तस्करी गर्ने समूहहरू भने निजगढमा सक्रिय छन् ।

ढुङ्गाको अवैध उत्खनन कार्यलाई रोक्न प्रहरीले दैनिक हैरानी खेप्नुपरिरहेको इलाका प्रहरी कार्यालय, निजगढले जनाएको छ ।

ढुङ्गाको अवैध उत्खनन, सङ्कलन धन्दा गर्ने गिरोहले ठाउँ–ठाउँमा सुराकी राख्ने गरेकाले पनि प्रहरीको ध्यान जाने बित्तिकै ट्याक्टरहरू भगाउने गरेको एकजना प्रहरीले बताए ।

गैरकानूनीरूपमा जथाभावी ढुङ्गा उत्खनन, दोहन गर्दै कमाउधन्दामा लाग्नेहरूकै कारण खोलाबगरमा प्राकृतिकरूपमा रहेका ढुङ्गा पाउन छाडेको छ। गैरकानूनी उत्खनन गरेका ढुङ्गालाई तत्कालै नियन्त्रणमा लिई आवश्यक कानूनी कारबाई गरी निरुत्साहित गर्नुपर्नेमा मुख्य सरोकारवाला निकाय निजगढ नगरपालिका कार्यालयसमेत जिम्मेवाररूपमा प्रस्तुत हुन सकेको छैन। नगरपालिकाको यो गैरजिम्मेवारीपनको कारण आर्थिक प्रलोभन भएको स्थानीयको आरोप छ।

# खेलकूदको संसार

## अन्तरबैंक सेभेन साइड फूटबल प्रतियोगिता शुरू उद्घाटन खेलमा आयोजक राष्ट्र बैंक विजयी

प्रस, वीरगंज, २८ मङ्सिर/
नेपाल राष्ट्र बैंक कर्मचारी सङ्घ, वीरगंजको आयोजनामा मङ्गलवारदेखि अन्तरबैंक सेभेन साइड फूटबल प्रतियोगिता शुरू भएको छ ।

आदर्शनगर रङ्गशालामा नेपाल राष्ट्र बैंक कर्मचारी सङ्घ, वीरगंजका अध्यक्ष कृष्णकुमार श्रेष्ठको अध्यक्षतामा भएको



तस्वीर: प्रतीक

प्रतियोगिताको उद्घाटन नेपाल राष्ट्र बैंकका डेपुटी गर्भनर बमबहादुर मिश्रले गरेका थिए । उद्घाटन खेलमा आयोजक नेपाल राष्ट्र बैंक, वीरगंज १–० गोलअन्तरले विजयी भयो । नेपाल इन्भेस्टमेन्ट बैंकलाई शून्यका विरुद्ध एक गोल गरी आयोजक नेपाल राष्ट्र बैंक उद्घाटन खेलमा विजयी भएको हो । भोलि प्रतियोगिता अन्तर्गत तीनवटा खेल हुनेछन् । जसमा एनसिसी बैंक र प्राइम बैंक, सिटिजन्स बैंक र कर्पोरेट डेभेलपमेन्ट बैंक तथा एनआईशी एशिया र नेपाल बैंक लिमिटेडबीच हुनेछ ।

आजदेखि शुरू भएको अन्तरबैंक सेभेन साइड फूटबल प्रतियोगिता पुस २३ गतेसम्म सञ्चालन हुने र प्रतियोगितामा वीरगंजका २३ वटा बैंक तथा वित्तीय संस्थाको सहभागिता रहेको आयोजक नेपाल राष्ट्र बैंक, वीरगंजले जनाएको छ ।

## ग्रासरूट फूटबल: राष्ट्रिय विभूति शिक्षा सदन सेमिफाइनलमा

प्रस, वीरगंज, २८ मङ्सिर/
अन्तरविद्यालय फूटबल प्रतियोगिताको सेमिफाइनलमा राष्ट्रिय विभूति शिक्षा सदन, डुमरवाना प्रवेश गरेको छ। मङ्गलवार सिमरा रङ्गशालामा भएको अन्तिम क्वाटरफाइनल खेलमा न्यू एकता इङ्ग्लिश स्कूल, सिमरालाई शून्यका विरुद्ध




तस्वीर: सौजन्य

तीन गोलअन्तरले राष्ट्रिय विभूति शिक्षा सदनले पराजित गरी सेमिफाइनलमा प्रवेश गरेको हो। विभूतिका नवीन चौधरीले दुई गोल र श्याम चौधरीले एक गोल गरेका थिए। खेलको ३१औं मिनेटमा श्याम चौधरीले पहिलो गोल गरेका थिए भने ४५ र ७० औं मिनेटमा नवीनले दुई गोल गरेका थिए। यस खेलको 'म्याद अफ दी म्याच' नवीन घोषित भए ।

बुधवारदेखि सेमिफाइनलका खेलहरू शुरू हुनेछन्। बुधवार पहिलो सेमिफाइनलमा नेरामावि, बकुलिया र नेरामावि, अमलेखगंजबीच प्रतिस्पर्धा हुने प्रतियोगिता संयोजक सोनु क्षत्रीले जानकारी दिए ।

## प्रदेशस्तरीय महिला क्रिकेट खेलाडी छनोट

प्रस, सप्तरी, २७ मङ्सिर/
प्रदेश २ का २० जना महिला क्रिकेट खेलाडी राष्ट्रिय महिला क्रिकेट प्रतियोगिताका लागि प्रशिक्षणमा छनोट भएका छन् ।

छनोटमा परेका खेलाडीहरूलाई मङ्सिर २८ देखि ३० गतेसम्म राजविराजमा सञ्चालन हुने बन्द प्रशिक्षणबाट १५ जना महिला खेलाडीलाई छनोट गरिने बताइएको छ।

प्रशिक्षण छनोट समितिका संयोजक मुर्तुजा हवारीका अनुसार बन्द प्रशिक्षणबाट राष्ट्रिय खेलकूद परिषद्को कार्यक्रम अनुसार नेपाल क्रिकेट सङ्घको आयोजनामा पुस ३ गतेदेखि प्रधानमन्त्री कप महिला टी–ट्वान्टी राष्ट्रिय क्रिकेट प्रतियोगिता हुँदैछ । मङ्सिर २० गतेदेखि राजविराजमा सप्तरी क्रिकेट सङ्घले आयोजना गरेको प्रदेशस्तरीय महिला क्रिकेट छनोट प्रतियोगिताबाट खेलाडी छनोट गरिएको हो ।

प्रदेश २ का पाँच जिल्ला सम्मिलित छनोट प्रतियोगिताबाट बाराका साना प्रवीण, अलिसा यादव, प्रियङ्का गुप्ता, शिवानी साह, प्रतिमा साह, सिराहाका सरस्वती चौधरी, अनुराधा चौधरी, सन्तोषी चौधरी, आरती चौधरी छनोट भएका छन् ।

त्यस्तै, मोलिना रायमाझी, गोमा आले, रोजी खत्री, पुष्पा फुयाँल, शोभा आले, सिर्जना चौधरी, मोनिका साह, मधु राउत, विमला मगर, मीना महतो बन्द प्रशिक्षणमा परेको प्रदेश २ क्रिकेट सङ्घका सचिव आयुष श्रेष्ठले जानकारी दिएका छन् ।

# छ लाखभन्दा बढीको धनमाल चोरी

प्रस, महोत्तरी, २८ मङ्सिर/
लोहारपट्टि नगरपालिका वडा नं ८ का मनीष ठाकुरको घरबाट सोमवार राति छ लाख रुपैयाँभन्दा बढीको नगद र गरगहना चोरी भएको छ ।

घरमा कोही नभएको बेला मूलढोका, भित्रीढोका र दराजको ताल्चा फुटालेर सुनका बाला, मङ्गलसूत्र, तिलहरी लगायतका सुनका गहनासमेत गरी ६ लाख १७ हजार मूल्य बराबरको धनमाल चोरहरूले चोरेको जिल्ला प्रहरी कार्यालय, महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रकाश विष्टले बताए ।

चोरी भएको जानकारी पाउनासाथ प्रहरी चौकी भ्रमरपुरा र जिल्ला प्रहरी कार्यालय, महोत्तरीको संयुक्त प्रहरी टोली चोर समूहको खोजी तथा अनुसन्धानमा जुटेको प्रवक्ता विष्टले बताए । महोत्तरीमा विगत दुई/तीन महीनायतादेखि चोरीका घटनामा वृद्धि भएको छ ।